

शिक्षा मन्त्रालय
MINISTRY OF
EDUCATION

सत्यमेव जयते

# शिक्षकहरूका लागि राष्ट्रिय व्यावसायिक मानक (एनपिएसटी)

**Nepali / नेपाली**

एनपिएसटी मार्गदर्शक अभिलेख, 2023

**अनुच्छेद 5.20,एनइपी 2020**

*“सामान्य शिक्षा परिषद् (जिइसी) अन्तर्गत व्यावसायिक मानक निर्धारण निकाय (पिएसएसबी) को रूपमा आफ्नो पुनर्गठित नयाँ प्रकारमा राष्ट्रिय शिक्षक परिषद्द्वारा शिक्षकहरूका लागि राष्ट्रिय व्यावसायिक मानक (एनपिएसटी) हरूको सामान्य मार्गनिर्देशकको एक ठेली एनसिइआरटी, एससिइआरटीहरू, विभिन्न स्तर र क्षेत्रभरिका शिक्षकहरू, शिक्षकहरूको तयारी एवम् विकाससँग जडित विशेषज्ञ सङ्गठनहरू, व्यावसायिक शिक्षामा सुविज्ञ निकायहरू तथा उच्च शिक्षा संस्थानहरूसँग परामर्श लिएर* 2020 *सम्ममा विकसित गरिने छ। विभिन्न स्तरमा शिक्षकहरूको अपेक्षित भूमिका तथा त्यस चरणका लागि चाहिने योग्यताहरूलाई यस मानकले समेट्ने छ। यसमा प्रत्येक चरणका लागि प्रदर्शन मूल्याङ्कनको मानक पनि सामेल हुने छ जसको मूल्याङ्कन नियत समयावधिमा गरिने छ। एनपिएसटीले सेवापूर्व शिक्षक शिक्षा कार्यक्रमहरूको रूपरेखाको पनि जानकारी दिने छ। यसलाई त्यसपछि राज्यहरूद्वारा अङ्गीकार गर्न सकिने छ र कार्यकाल, व्यावसायिक प्रगतिका प्रयास, वेतनवृद्धि, पदोन्नति सहित शिक्षक आजीविका व्यवस्थापनका सबै पक्षहरू तथा अन्य मान्यताहरू निर्धारित गर्न सकिने छ। पदोन्नति र तलब वृद्धि, कार्यकालको लम्बाइ तथा वरिष्ठताको आधारमा नभएर मूल्याङ्कनको आधारमा मात्र हुने छ। व्यावसायिक मानकहरूको समीक्षा* 2030 *मा गरिने छ र यिनमा संशोधन ल्याइने छ तथा त्यसपछि यस प्रणालीको प्रभावोत्पादकताको कठोर प्रयोगसिद्ध विश्लेषणका आधारमा प्रत्येक दस वर्षमा यसमा संशोधन ल्याइने छ।”*

*“एउटा असल शैक्षिक संस्थान त्यो हो जसमा प्रत्येक विद्यार्थीले स्वागत गरिएको र ध्यान दिइएको अनुभव गर्छ, जहाँ सिक्नका लागि सुरक्षित र प्रेरणास्पद वातावरण विद्यमान छ, जहाँ विविध प्रकारका असङ्ख्य अधिगम अनुभवहरू प्रदान गरिन्छ र जहाँ असल भौतिक पूर्वाधार र शिक्षणलाई सहज तुल्याउने उपयुक्त संसाधनहरू सबै विद्यार्थीहरूलाई उपलब्ध छन्। यी गुणस्तर प्राप्त गर्नु प्रत्येक शैक्षिक संस्थानको एक मात्र लक्ष्य हुनुपर्छ। तथापि, यससँगै संस्थानहरू र शिक्षाका विभिन्न चरणहरूमाझ निर्बाध एकीकरण  र समन्वय पनि हुनुपर्छ।”.*

*“A good education institution is one in which every student feels welcomed and cared for, where a safe and stimulating learning environment exists, where a wide range of learning experiences are offered, and where good physical infrastructure and appropriate resources conducive to learning are available to all students. Attaining these qualities must be the goal of every educational institution. However, at the same time, there must also be seamless integration and coordination across institutions and across all stages of education”.*

**Dharmendra Pradhan**
Hon'ble Education Minister;
Skill Development and
Entrepreneurship
Government of India
Shastri Bhawan
New Delhi-110001

सत्यमेव जयते

**धर्मेन्द्रप्रधान**
माननीय शिक्षा;
कौशल विकास एवं
उद्यमशीलता मंत्री
भारत सरकार
शास्त्री भवन
नई दिल्ली-110001



## सन्देश

राष्ट्रिय शिक्षा नीति (एनइपी) 2020-ले उत्कृष्टताका लागि राष्ट्रको शैक्षिक प्रगतिपथको यात्रामा पथ प्रदर्शकका रूपमा काम गर्दछ। आफ्नो अग्रगामी दृष्टिकोणद्वारा यसले शिक्षक शिक्षा प्रणालीका लागि मार्ग प्रशस्त गर्दछ जसले ज्ञान प्रदान मात्र नगरेर अधिगम, आलोचनात्मक सोच र रचनात्मकताका लागि अनुराग पनि जगाउँछ जुन 21औँ शताब्दीका चुनौतीहरू र अवसरहरूका लागि शिक्षकहरूलाई तयार पार्न अपरिहार्य गुण हुन्।

भावी पुस्ताको चिन्तनलाई प्रभावित पार्न शिक्षकहरूले निर्वाह गर्ने महत्त्वपूर्ण भूमिकालाई स्वीकार गर्दै, शिक्षकहरूलाई आवश्यक उपकरण र ज्ञानले सुसज्जित गर्नु सर्वोपरि हो भनी नीतिले मान्यता दिन्छ। प्रभावकारी शिक्षण अभ्यासका लागि अपेक्षाहरू र दिशानिर्देशहरूको निरूपणद्वारा शिक्षाको गुणस्तर सुनिश्चित गर्न शिक्षकहरूका लागि व्यावसायिक मानकहरू आवश्यक छन्। यी मानकले शिक्षकहरूको कौशल, ज्ञान अनि क्षमतालाई आकार दिन महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन्।

राष्ट्रिय शिक्षक शिक्षा परिषद् (एनसिटिई) ले शिक्षकहरूका लागि राष्ट्रिय व्यावसायिक मानक (एनपिएसटी) मार्गदर्शक अभिलेख मार्गनिर्देशक सिद्धान्तहरूको सङ्ग्रहका रूपमा विकसित गरेको छ, जसले विशेषज्ञताका विभिन्न स्तरहरू र व्यावसायिक जीवनका विभिन्न चरणहरूमा शिक्षकको भूमिकामा निहित अपेक्षित जिम्मावारीहरू र क्षमताहरूलाई व्यक्त गर्दछ र यस प्रकारले एउटा कुशल र गतिशील शिक्षण बलको संवर्धनका लागि मानदण्डका रूपमा कार्य गर्दछ।

निरन्तर प्रयासद्वारा हाम्रो देशको शैक्षिक परिदृश्यमा सकारात्मक परिवर्तन आउने छ जसद्वारा भावी पुस्ता लाभान्वित हुने छन् भन्ने मलाई विश्वास छ।

**धर्मेन्द्र प्रधान**



**अन्नपूर्णा देवी**
माननीय राज्य शिक्षा मन्त्री
शिक्षा मन्त्रालय
भारत सरकार

## सन्देश

शिक्षकहरूका लागि राष्ट्रिय व्यावसायिक मानक (एनपिएसटी) ले शिक्षण पेसाको स्तरलाई उकास्ने र सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रतिबद्धतामा महत्त्वपूर्ण कोसेढुङ्गा स्थापित गर्दछ। एनएसपिटी मार्गदर्शक अभिलेख शिक्षाविद्, विज्ञहरू, विशेषज्ञ निकायहरू र यस क्षेत्रका अन्य हितधारकहरूसँगका सहकार्यमा कठोर परामर्श, अनुसन्धान गरेर तयार पारिएको हो। यी मापदण्डहरूले एक्काइसौँ शताब्दीमा प्रभावकारी शिक्षणलाई परिभाषित गर्ने आवश्यक ज्ञान, सीप र प्रवृत्तिहरूलाई सम्पुटित गर्दछन्। एनपिएसटी मार्गदर्शक अभिलेखले शिक्षकहरूका लागि स्पष्ट अपेक्षाहरू मात्र निर्धारित नगरेर आजीविका व्यवस्थापनका लागि नैतिकता, सदाचार,विषय ज्ञान र साक्ष्य निर्माणमा निरन्तर सुधारको संस्कृतिलाई प्रोत्साहित गर्ने विशद रूपरेखा पनि प्रस्तुत गर्दछ।

म राष्ट्रिय शिक्षक शिक्षा परिषद् (एनसिटिई) र यी मानकहरूका विकासमा निर्णायक भूमिका निर्वाह गर्नु हुने सबै सम्बन्धित हितधारकहरूलाई हार्दिक बधाई दिँदछु।

---



**सञ्जय कुमार, आइएएस**
सचिव
स्कूल शिक्षा एवम् साक्षरता विभाग
शिक्षा मन्त्रालय
भारत सरकार

## सन्देश

राष्ट्रिय शिक्षा नीति (एनइपी) 2020 ले भारतमा शिक्षक शिक्षाको क्षेत्रमा परिवर्तनकारी सुधार ल्याएको छ। यस नीतिले सबैका लागि सर्वाङ्गीण र गुणस्तरीय शिक्षाको लक्ष्य प्राप्त गर्ने प्रयोजनले शिक्षण पेसाको विकासमा विशेष जोड दिँदै सबै सुधारको केन्द्रमा शिक्षकहरूलाई राखेको छ । शिक्षक शिक्षा राष्ट्रिय परिषद् (एन सि टि ई) ले नयाँ शिक्षा नीति 2020 का प्रमुख उद्देश्यहरूलाई ध्यानमा राखेर शिक्षकहरूका लागि उन्नत रूपले निर्मित राष्ट्रिय व्यावसायिक मानकको साझा नियमावली प्राप्त गर्नका निम्ति विस्तृत मार्गदर्शक अभिलेख विकसित गरेको छ। यो अभिलेख विभिन्न हितधारकहरूसँगको छलफल वा परामर्श र सहकार्यका लामो शृङ्खलाको आधारमा, ऊर्ध्वगामी विधि प्रयोग गर्दै विभिन्न तहका अनुसन्धानहरूलाई अनुसरण गरी तयार गरिएको हो। यो मार्गदर्शक अभिलेख शिक्षकहरूको योग्यता विकास गर्न उत्प्रेरक बन्नेछ र यसले उनीहरूलाई विश्वव्यापी मानकहरू अनुरूप शिक्षक बन्न सक्षम बनाउने छ भन्ने म अपेक्षा राख्दछु ।

म एनसिटिई एवम् यस कार्यमा संलग्न सम्बन्धित सबै हितधारकहरूलाई हार्दिक बधाई टक्र्याउँदछु।



**प्रोफसर योगेश सिंह**
अध्यक्ष,
एनसिटिई, नयाँ दिल्ली

## सन्देश

एनइपी 2020-ले उच्च गुणवत्तायुक्त शिक्षणमाथि जोड दिन्छ जसले शिक्षकको कार्यक्षेत्र र 21औँ शताब्दीका कौशलहरूको समुच्चयलाई इङ्गित गर्छ। शिक्षकहरूका लागि राष्ट्रिय व्यावसायिक मानक (एनपिएसटी)मार्गदर्शक अभिलेखको विकास हाम्रा शिक्षार्थीहरूका शैक्षिक उद्देश्यहरू पूरा गर्ने दिशातर्फ लक्षित छ। काम र आचरणमा उच्चतम सम्भावित मानकहरू प्राप्त गर्नका लागि उत्तरदायी शिक्षकहरूलाई एनपिएसटीले मञ्च प्रदान गर्छ। एनपिएसटीमा परिभाषित सामान्य मानकहरू शिक्षकहरूको नैतिक मूल्य र सदाचार, गहन विषय ज्ञान, व्यावसायिक सम्बन्ध तथा आजीविका वृद्धि र विकासका योजनामाथि केन्द्रित छन्।

सबैका लागि गुणवत्तापूर्ण शिक्षा हासिल गर्ने सामर्थ्यको भावनालाई प्रोत्साहित गर्न सबै हितधारकहरूबाट म समग्र सहकार्यको अपेक्षा गर्दछु।

---



**केसाङ वाई सेर्पा आइआरएस**
सदस्य सचिव,
एनसिटिई, नयाँ दिल्ली

## सन्देश

राष्ट्रिय शिक्षक शिक्षा परिषद् (एनसिटिई)-ले एउटा वैधानिक निकायका रूपमा भारतमा शिक्षक शिक्षाको गुणवत्तामा सुधार ल्याउने दिशामा धेरैवटा पहल गरेको छ। एनइपी 2020-ले उच्च गुणवत्तापूर्ण शिक्षकलाई गुणस्तरीय शिक्षण अनि सिक्ने प्रक्रियाको एउटा आवश्यक पूर्वपिक्षाका रूपमा मान्यता दिन्छ। त्यसैअनुरूप एनइपी 2020-को अनुच्छेद 5.20 मा परिकल्पना गरिए जस्तै शिक्षकहरूका लागि राष्ट्रिय व्यावसायिक मानक (एनपिएसटी)-बारे मार्गदर्शक अभिलेख लिएर एनसिटिई आएको छ। मार्गदर्शक अभिलेखमा तयार पारिएका मानकहरूमा शिक्षकका लागि व्यावसायिक मानकहरूको एउटा तालिका छ जसमा 21औँ शताब्दीमा प्रभावकारी शिक्षणका लागि शिक्षकहरूलाई के थाहा हुनु पर्छ, उनीहरूले कसरी प्रदर्शन गर्नु पर्छ र आजीविकाको वृद्धि कसरी गर्नु पर्छ भन्ने कुरा जनाइएको छ। एनपिएसटीले आजीविकाका विभिन्न चरणमा विशेषज्ञता तथा/ वा अनुभवका विभिन्न स्तरमा एउटा शिक्षकबाट गरिने अपेक्षा र उसका आवश्यक सामर्थ्यलाई समावेश गर्ने छ।

एनपिएसटीबारे यस मार्गदर्शक अभिलेखलाई विकसित गर्न र यसको ढाँचा निर्माण गर्ने प्रयासमा सहयोग दिने मेरा सबै वरिष्ठगण तथा प्रारूप समितिका सदस्यहरूप्रति म आभार व्यक्त गर्दछु । एनसिटिईको सम्पूर्ण टोलीलाई मेरो बधाई।

# विषय क्रम


| क्रम सङ्ख्या | विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| **1.** | **परिचय** | **1** |
| **2.** | **शिक्षण : एउटा पेसा** | **3** |
| 2.1 | पेसाका रूपमा शिक्षण | 3 |
| 2.2 | व्यावसायिक मानकहरूको ज्ञान | 5 |
| 2.3 | शिक्षक अनि शिक्षणका लागि व्यावसायिक मानकहरूको महत्त्व | 5 |
| **3.** | **शिक्षकहरूका लागि राष्ट्रिय व्यावसायिक मानक (एनपिएसटी)** | **7** |
| 3.1 | एनपिएसटीको सान्दर्भिकता | 7 |
| 3.2 | शिक्षकका लागि व्यावसायिक मानकहरू | 8 |
| 3.3 | सामर्थ्यको वृद्धि अनि विकास | 12 |
| 3.4 | शिक्षकहरूका लागि राष्ट्रिय व्यावसायिक मानक | 13 |
| **4.** | **शिक्षकहरूका लागि राष्ट्रिय व्यावसायिक मानक (एनपिएसटी)-को रूपरेखा** | **14** |
| 4.1 | मानक 1 : प्रमुख मूल्य अनि आचरण | 14 |
| 4.2 | मानक 2 : ज्ञान अनि अभ्यास | 14 |
| 4.3 | मानक 3 : व्यावसायिक वृद्धि अनि विकास | 15 |
| **5.** | **कार्यान्वयन** | **22** |
| 5.1 | कार्य योजना | 22 |
| 5.2 | प्रयोज्यता | 23 |
| 5.3 | आवधिक समीक्षा | 23 |
| **6.** | **एनपिएसटीको रूपरेखामा आधारित मूल्याङ्कनका उपकरण (प्रस्तावित)** | **24** |
| **7.** | **एनपिएसटीबारे राष्ट्रिय शिक्षक गुणवत्ता केन्द्र(एनसिटिक्यु)का लागि डिजिटल पूर्वाधार योजना** | **35** |

| | | |
|---|---|---|
| 8. | चित्रसूची | 37 |
| 9. | सङ्क्षिप्त रूप | 38 |
| 10. | सन्दर्भ सूची | 39 |
| 11. | एनपिएसटी विशेषज्ञ समिति | 40 |

# 1. परिचय

राष्ट्रिय शिक्षा नीति 2020 (एनइपी 2020)-ले भारतको शिक्षा प्रणालीमा मूलभूत सुधारको केन्द्रमा शिक्षकलाई राख्छ। शिक्षा एउटा सतत प्रक्रिया हो जसले प्रत्येक नागरिकको जीवनलाई प्रभावित गर्छ र शिक्षकले त्यस प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। शिक्षकहरूका लागि राष्ट्रिय व्यावसायिक मानक (एनपिएसटी) ले सबै विद्यार्थीहरूलाई यथासम्भव सर्वोत्तम शिक्षाको अवसर समान रूपले प्राप्त होस् भन्ने कुरालाई सुनिश्चित गर्ने एनइपी 2020 का उद्देशहरूलाई पुरा गर्न चाहन्छ। एनपिएसटीले सबै शिक्षकहरू उत्साही, दृढनिश्चयी, उच्च योग्यतासम्पन्न, पूर्ण रूपले तयार तथा विद्यालयी शिक्षाका सबै स्तरमा सबै शिक्षार्थीलाई पढाउनका लागि साधनसम्पन्न हुनु पर्छ भन्ने निश्चय गर्दछ। यसरी शिक्षण पेसामा सर्वश्रेष्ठ प्रतिभाहरूलाई आकर्षित गर्नु समयको माग हो।

एनपिएसटीले आजीविकाका विभिन्न चरणमा शिक्षकहरूको गुणस्तर चिन्न सहयोग गर्छ। यसबाहेक यसले सबै शिक्षकहरूको तयारी, अभ्यास र प्रदर्शनमा सुधारप्रति ध्यान केन्द्रित गर्छ। मानकहरू एवम् सम्बन्धित नीतिहरू एनइपी 2020 का आधारभूत सिद्धान्तहरूसँग मिल्दाजुल्दा छन् जसले शिक्षा प्रणालीलाई दिशानिर्देश गर्ने छन् र सबैलाई उच्च गुणवत्तापूर्ण शिक्षा प्रदान गर्ने एनइपी 2020-का नीति पहलहरूको दृष्टिकोणलाई सहयोग गर्ने छन्। एनपिएसटीले सेवापूर्व शिक्षक शिक्षा कार्यक्रमको ढाँचा बनाउन र शिक्षक आजीविका प्रबन्धनका सबै पक्षहरू निर्धारित गर्न पनि सहयोग गर्ने छ।

शिक्षकहरूलाई कौशल प्रदान गर्ने दिशामा गरिएका प्रयासहरूको लाभ विद्यार्थीहरूले पाउँछन्। शिक्षकहरूको व्यावसायिक मानकले विभिन्न आजीविकाहरूको चरण अनि विशेषज्ञताका विभिन्न स्तरमा शिक्षकहरूबाट के अपेक्षा गरिन्छ साथै प्रत्येकका लागि आवश्यक योग्यता के हुन् भन्ने कुरा रेखाङ्कित गर्ने छ। व्यावसायिक मानकहरूको समीक्षा र संशोधन राष्ट्रिय स्तरमा 2030 मा गरिने छ र त्यसपछि प्रत्येक दस वर्षमा तिनलाई संशोधन गरिने छ जुन प्रणालीको प्रभावकारिताबारे कठोर प्रयोगसिद्ध विश्लेषणमा आधारित हुने छ।

राष्ट्रिय शिक्षक शिक्षा परिषद् (एनसिटिई) राष्ट्रिय शिक्षक शिक्षा परिषद् अधिनियम (एनसिटिई अधिनियम), 1993-द्वारा बनाइएको एउटा वैधानिक निकाय हो। यसलाई सम्पूर्ण देशमा सेवापूर्व र सेवारत दुवै प्रकारका शिक्षकहरूको नियोजित तथा समन्वित विकासको दायित्व सुम्पिइएको छ। शिक्षा मन्त्रालय (एमओई)-को आदेशका रूपमा एनपिएसटीको घोषणा 2021 को बजेटमा गरिएको थियो र एनसिटिईलाई यो कार्य पुरा गर्ने जिम्मावारी सुम्पिइएको थियो। एनपिएसटीका विभिन्न पक्षबारे विभिन्न हितधारकहरूबाट प्राप्त प्रविष्टि तथा सुझाउका आधारमा एनपिएसटी अभिलेख तयार गर्न एउटा विशेषज्ञ समिति गठन गरिएको थियो। दस्तावेज तयार गर्दा समग्र सुसङ्गतताका लागि ऊर्ध्वगामी दृष्टिकोणअन्तर्गत सुझाउ/ प्रविष्टि आमन्त्रित गर्न अप्रिल 2021 मा MyNEP2020 पोर्टलमा डिजिटल विमर्शका माध्यमद्वारा प्राथमिक शोध गरिएको थियो।

यसबाहेक विभिन्न क्षेत्रका चयनित लक्षित दर्शकहरूमाझ प्रश्नावलीको माध्यमद्वारा विशिष्ट टिप्पणीहरू/ प्रविष्टिहरू आमन्त्रित गर्नाका लागि द्वितीयक अनुसन्धान गरियो।

अन्तर्राष्ट्रिय स्तरका सर्वोत्तम अभ्यासहरूलाई मानकस्तर बनाउन चारवटा देशका एनपिएसटी

अभिलेखहरूको तुलनात्मक अध्ययन गरी एउटा प्रतिवेदन तयार पारिएको थियो। विशेषज्ञ समितिद्वारा गरिएको चर्चा र संशोधनद्वारा एनपिएसटीबारे एउटा प्रारम्भिक खेस्रा तयार गरियो तथा 17 नोभेम्बर 2021-मा एनसिटिईको वेबसाइट र MyGov पोर्टलमा सार्वजनिक समीक्षाका लागि प्रकाशित गरियो। यसका साथै तृणमूल स्तरका पदाधिकारीहरूबाट एनपिएसटीबारे प्रारम्भिक खेस्राका लागि प्रविष्टि/ विचार एकत्र गर्न देशभरिका शिक्षाविद्, शैक्षिक प्रशासक, शिक्षक प्रशिक्षक, विभागाध्यक्ष, एससिइआरटी, डिआइइटी, प्रधानाचार्य, शिक्षक (सार्वजनिक/ निजी), गैर सरकारी सङ्गठन, अन्य हितधारकहरूसँग 15 वटा खुल्ला परिचर्चा आयोजन गरियो।

यससँगै प्रारम्भिक खेस्रामा वर्णनकर्ताहरूबारे प्रविष्टिसँगै एनपिएसटी अभिलेखमा उल्लेखित दक्षताको आकलन र मूल्याङ्कन गर्ने उपकरण/ विधिबारे सुझाउ प्राप्त गर्नाका लागि देशभरिका शिक्षक, प्रधानाचार्य, डिआइइटी, एससिइआरटीसँग 5 वटा आन्तरिक विमर्श आयोजित गरियो। अनुसन्धानको तेस्रो स्तर हुनाले हितधारकहरूको प्रविष्टि/ सुझाउको प्रयोग एनपिएसटीबारे अन्तिम खेस्रा तयार गर्न गरियो तथा 29 मार्च 2022-मा एनपिएसटीका लागि गठित समिति समक्ष राखियो जसलाई क्षेत्र परीक्षण संस्करणका रूपमा अनुमोदित गरियो। एनपिएसटी मार्गदर्शक अभिलेखको कार्यान्वयन र प्रभाव मूल्याङ्कनको परीक्षण देशभरि 1175 वटा शिक्षकहरूसहित केन्द्र सरकारको स्वामित्व भएका 75 वटा स्कुल (25वटा केविएस + 25 वटा एनविएस + 25 वटा सिबिएसई) -मा गरियो।

एनइपी 2020-को अनुच्छेद 5.20-मा परिकल्पना गरिए जस्तै शिक्षकहरूका लागि राष्ट्रिय व्यावसायिक मानक (एनपिएसटी)-को उद्देश्य सबै शिक्षार्थी उच्चतम गुणवत्तायुक्त शिक्षासम्म पुगून् भन्ने सुनिश्चित गर्नु हो। स्कुली शिक्षाका सम्बन्धमा एनइपी 2020-को अधिदेश प्राप्त गर्नाका लागि एनपिएसटीबारे एउटा मार्गदर्शक अभिलेख विकसित गरिएको छ जसमासबै विद्यार्थीलाई उत्साही, प्रेरित, उच्च योग्यताप्राप्त, व्यावसायिक दृष्टिले प्रशिक्षित तथा समर्थ शिक्षकहरूद्वारा पढाइने प्रावधान छ। यसको उद्देश्य शिक्षक आजीविका प्रबन्धन र अन्य मान्यताका सबै पक्ष निर्धारित गर्नु हो। यो गुणवत्ताबारे एउटा प्राक्कथन हो तथा यसले विभिन्न चरण/ स्तरमा शिक्षकहरूको योग्यता परिभाषित गर्छ।

एनसिटिईमा एउटा डिजिटल मञ्च राष्ट्रिय शिक्षक गुणवत्ता केन्द्र (एनसिटिक्यु) स्थापित गरिएको छ जसमा एनपिएसटीको सञ्चालनका लागि उत्तरदायी राष्ट्रिय सङ्ग्राहलय हुने छ। यसबाहेक अधिक स्रोत व्यक्ति/ संस्थाहरूको निर्माणका लागि हितधारक/ कार्यान्वयन संस्थाहरूको क्षमता निर्माण कार्यक्रम सुरु गरिने छ।

राज्य/ सङ्घ राज्य क्षेत्रका सरकारले मानकहरू अवलम्बन गर्न सक्छन् तथा संस्थाहरूले नयाँ शैक्षिक स्कुल ढाँचा (5+3+3+4) अनुसार शिक्षकका अपेक्षित कौशल समुच्चय पूर्तिका लागि तदनुसार ती लागु गर्न सक्छन्।

# 2. शिक्षण : एउटा पेसा

## 2.1 पेसाका रूपमा शिक्षण

शिक्षणलाई वैश्विक स्तरमा सबैभन्दा महान पेसामध्ये एउटा मानिन्छ अनि यो सामाजिक प्रगतिसँग जोडिएको छ। प्राचीन कालमा शिक्षक समाजका सबैभन्दा सम्मानित सदस्य हुन्थे र सबैभन्दा शिक्षित व्यक्तिहरूलाई यस पेसामा प्रवेश गर्ने अनुमति थियो। शिक्षक शिक्षा प्रणालीका केन्द्र थिए र उनीहरूले विद्यार्थीहरूसम्म आफ्ना ज्ञान, कौशल र आचरण सर्वोत्कृष्ट ढङ्गमा पुऱ्याउनु पर्थ्यो। शिक्षा प्रणालीमा आएको विकास र शिक्षकहरूको बद्लिएको भूमिकासँगै शिक्षकको गुणस्तरमा वृद्धि ल्याउनु दीर्घकालिक र चिरस्थायी राष्ट्र निर्माणका लागि अत्यन्त महत्त्वपूर्ण हुँदछ। सामाजिक क्रिया र सामाजिक जाँचको रूपमा शिक्षण एउटा गहन आचरणयुक्त तथा मानकीय अभ्यास हो जसमा व्यावसायिकहरूले निम्नलिखित कुरा गर्न आवश्यक हुँदछ :

- नानीहरूप्रति ध्यान दिनु र उनीहरूसँगै हुन मन पराउनु, विद्यार्थीहरूका विविधताको सम्मान गर्नु, सामाजिक, सांस्कृतिक एवम् राजनीतिक सन्दर्भमा नानीहरूलाई बुझ्नु, उनीहरूका आवश्यकता र समस्याहरूप्रति संवेदनशीलताको विकास गर्नु तथा सबै नानीहरूसँग समान व्यवहार गर्नु।
- नानीहरूलाई ज्ञानको निष्क्रिय ग्रहणकर्ताका रूपमा नलिनु, अर्थ निर्माण गर्ने उनीहरूको स्वाभाविक प्रवृत्तिलाई प्रोत्साहन दिनु, घोक्ने प्रवृत्तिलाई हतोत्साहित गर्नु तथा शिक्षणलाई आनन्दमय, सहभागीपूर्ण एवम् सार्थक बनाउनु।
- पाठ्यक्रम र पाठ्यपुस्तकहरूको आलोचनात्मक जाँच गर्नु तथा स्थानीय आवश्यकता अनुरूप पाठ्यक्रमलाई प्रासङ्गिक बनाउनु।
- पाठ्यक्रममा गाभिएको ज्ञानलाई 'निश्चित' नमान्नु।
- शिक्षार्थी केन्द्रित, गतिविधि आधारित, सहभागितामूलक शिक्षण अनुभवको आयोजन गर्नु जसमा खेल, परियोजना, चर्चा, संवाद, अवलोकन, भ्रमण तथा तिनका अभ्यासबारे चिन्तन गर्नु समाविष्ट होस्।
- कक्षाको विविधताप्रति प्रतिक्रिया देखाउँदैशिक्षार्थीहरूको सामाजिक एवम् व्यक्तिगत यथार्थसँग शिक्षणको समाकलन गर्नु।
- शान्ति, लोकतान्त्रिक जीवनशैली, समानता, न्याय, स्वतन्त्रता, बन्धुत्व, धर्मनिरपेक्षता र सामाजिक पुनर्निर्माणप्रति उत्साह जस्ता मूल्यहरूको प्रवर्द्धन गर्नु।

हितधारकहरूबिच विचार विमर्शका माध्यमद्वारा मानकहरू स्पष्ट पार्नाले र पारस्परिक सहमतिमा पुग्नाले निम्नलिखित परिणाम प्राप्त हुन सक्छन्:

- असल शिक्षणका पक्षबारे अधिक स्पष्टता एवम् प्रतिबद्धता।
- असल शिक्षणलाई व्यवस्थित एवम् समर्थन गर्ने प्रासङ्गिक विचारहरूको ज्ञान।
- शिक्षकहरूका लागि व्यावसायिक अभ्यासका आवश्यक आयामहरू स्पष्ट पार्नु तथा तिनलाई दोहोऱ्याउनु एवम् कक्षालाई शिक्षार्थी केन्द्रित बनाउनु र आत्मचिन्तनबारे दिशानिर्देश दिन सहयोग गर्नु।
- शिक्षक, असल शिक्षण तथा आजीविका विकासका लागि शिक्षकहरूको तयारीलाई सहयोग पुऱ्याउन पारिस्थितिकी तन्त्र र बाह्य प्रणालीको ढाँचा निर्माण र प्रबन्धनको विस्तृत बुझाइ।

शिक्षाको अधिकार (आरटिई) अधिनियम, 2009-ले शिक्षकहरूबाट राखिने अपेक्षा र शिक्षणको गुणवत्ता निर्धारित गर्छ जसले स्कुलमा नानीहरूलाई शिक्षाद्वारा सशक्तीकरणका दिशातर्फ लिएर जाने सकारात्मक शैक्षिक अनुभव प्राप्त होस् भन्ने सुनिश्चित गर्ने छ। आरटिई अधिनियम, 2009-मा परिकल्पित शिक्षण यस्तो हुनु पर्छ : ***[धारा 29/2, आरटिई अधिनियम 2009]***

- भारतको संविधानमा निहित मूल्यहरूको अनुरूप लोकतान्त्रिक, न्यायपूर्ण तथा शान्तिपूर्ण समाजलाई प्रोत्साहित गर्ने ।
- शिक्षार्थीहरूको सर्वाङ्गीण विकासतर्फ अग्रसर गराउने।
- विद्यार्थीहरूको ज्ञान, क्षमता र प्रतिभा निर्माण गर्ने।
- विद्यार्थीका शारीरिक एवम् मानसिक क्षमताहरूको पूर्णतः विकास गर्ने।
- गतिविधि, खोज र अन्वेषणद्वारा बाल-अनुकूल तथा बाल-केन्द्रित ढङ्गमा शिक्षणलाई सक्षम तुल्याउने।
- जहाँसम्म सम्भव र व्यावहारिक हुन्छ विद्यार्थीहरूको मातृभाषालाई ठाउँ मिलोस्।
- डर, मानसिक आघात र दुश्चिन्ताबाट शिक्षण मुक्त होस् भन्ने सुनिश्चित गर्नुपर्छ तथा विद्यार्थीलाई स्वतन्त्र रूपले संवाद गर्न सहयोग गर्नु पर्छ।
- ज्ञान र क्षमता दुवैको निरन्तर विस्तृत मूल्याङ्कन समाविष्ट भएको।

यसरी प्रत्येक नानीलाई सम्मानपूर्वक जीवन जिउन सक्षम बनाउन सकिन्छ।

भारतको संविधानले शिक्षा समावेशी होस् तथा किनारीकृत समुदाय, भाषिक र सांस्कृतिक अल्पसङ्ख्यक समूह, अनुसूचित जाति, अनुसूचित जनजाति तथा अन्य पछौटे समुदायका विद्यार्थीहरू र विशेष आवश्यकता भएका नानीहरूलाई यसले सहयोग पुऱ्याओस् भन्ने सुनिश्चित गर्नका लागि विशेष प्रयासको आवश्यकताप्रति पनि ध्यानाकर्षण गर्दछ। शिक्षाको अधिकार र वास्तवमै एनइपी 2020-मा राखिएको

शिक्षाको दृष्टिकोणले विद्यालयका सबै तहका कक्षाहरूमा समावेशी शिक्षा र विविधतामा जोड दिन्छ।

एनइपी 2020-ले ती विशिष्ट चुनौतीतर्फ ध्यान आकर्षित गर्छ जसप्रति शिक्षकहरूको शिक्षाशास्त्रीय अभ्यास संवेदनशील हुनु पर्छ : ***(नीतिका सिद्धान्तहरू)***

- घोक्के बानीदेखि उच्च स्तरीय सोच, आलोचनात्मक सोच, निरीक्षण तथा 21 औँ शताब्दीका कौशलतिर शिक्षणलाई स्थानान्तरण गर्नु।
- शिक्षणलाई बहुअनुशासनात्मक, परीक्षणात्मक र व्यावहारिक बनाउनु।
- बहुभाषिकता।
- ज्ञानको देशज सम्पदालाई महत्त्व दिन र  समाकलन गर्न विद्यार्थीलाई सक्षम बनाउनु।

## 2.2 व्यावसायिक मानकहरूको ज्ञान

मानक शब्दलाई भिन्न भिन्न सन्दर्भमा र भिन्न भिन्न देशहरूमा भिन्न भिन्न अर्थ दिएर परिभाषित गरिएको छ। पेसामा केलाई मूल्यवान मानिन्छ र सामान्यतया शिक्षण अथवा अभ्यासको सन्दर्भमा के उपलब्ध गर्नु सबैभन्दा वाञ्छनीय हुन्छ भन्ने वर्णन गर्न वा सञ्चार गर्नका लागि कथनका रूपमा मानकहरूको उपयोग गरिन्छ। अधिगमका सन्दर्भमा मानकलाई अधिगम परिणामका रूपमा परिभाषित गरिन्छ भने पेसा अथवा आजीविकाका सन्दर्भमा मानकलाई सक्षमताका आयामहरू अर्थात् कुनै व्यक्तिले के जान्नुपर्छ र एउटा विशिष्ट पेसामूलक कार्यक्षेत्रमा सक्षम ठहरिनका लागि उसले के गर्न सक्नुपर्छ भन्ने रूपमा परिभाषित गरिन्छ। अर्को शब्दमा, गुणवत्तापूर्ण प्रदर्शनका लागि पेसावालहरूको प्रदर्शनलाई सक्षम मान्ने कसी अथवा मापन उपकरणका रूपमा मानकहरू प्रयोगमा ल्याइन्छन्। मानकहरू ती कथन हुन् जसले पेसामा केलाई महत्त्व दिइन्छ, गुणवत्तापूर्ण शिक्षण के हो भन्ने विषयसँगै गुणवत्तापूर्ण अधिगमको अन्तर्निहित धारणालाई प्रतिबिम्बित गर्छन्। शिक्षकले के जान्नु पर्छ, के विश्वास गर्नु पर्छ र के गर्न उनीहरू सक्षम हुनु पर्छ भन्ने कुराका सम्बन्धमा यी मूल्यले गर्ने सङ्केतहरूको प्रतिपादन यी कथनहरूले स्वयम् गर्छन्।

## 2.3 शिक्षक अनि शिक्षणका लागि व्यावसायिक मानकहरूको महत्त्व

असल एवम् वाञ्छनीय शिक्षण तथा शिक्षकका गुण र विशेषताको वर्णन धेरैवटा नीतिगत अभिलेखमा स्पष्ट वा परोक्ष रूपले गरिएको पाइन्छ। यी विचारहरूले केन्द्रद्वारा प्रायोजित शिक्षा सुधार अभियान अर्थात् सर्वशिक्षा अभियान (एसएसए)-को शुभारम्भ सँगसँगै सेवाकालीन शिक्षा र प्रशिक्षणका उद्देश्यहरू सूचित गरेका छन्। शिक्षक शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम रूपरेखा (एनसिएफटिई, २००९)-मा निर्धारित दिशानिर्देशमा यी विचार निहित छन् तथा हालै एनइपी २०२० मा अनुशंसा गरिए अनुसार पूर्वसेवा शिक्षक शिक्षा कार्यक्रमका लागि पाठ्यक्रम रूपरेखाको विकास र ढाँचामा तिनले अभिव्यक्ति पाएका छन्।

एनइपी 2020 ले उत्तरदायित्व, अनुगमन, व्यावसायिक विकास, प्रत्येक चरणभित्र आजीविकाका मार्गहरू तथा ऊर्ध्वगामी गतिशीलतासँग सम्बद्ध सिर्जना र स्थापित गरिने ती पेसाहरूलाई व्यावसायिक मानकहरूले नियन्त्रण गर्ने प्रस्ताव दिँदछ। शिक्षकहरूका लागि व्यावसायिक मानकहरूको समुच्चयले निम्नलिखित कुराहरूलाई सक्षम तुल्याउने छ:

- शिक्षकका कार्य प्रकृतिलाई परिभाषित गर्नु
- कार्य एवम् सेवाको स्थिति सिर्जना गर्नु
- शिक्षक शिक्षा कार्यक्रमहरूको पुनर्निर्माण गर्नु
- शिक्षकहरूको पञ्जीकरण गर्नु
- आजीवन अधिगम तथा आजीविका विकासको प्रवर्द्धन गर्नु
- शिक्षकहरूको योग्यतामा एकरूपताको स्थापना गर्नु तथा गतिशीलतालाई सक्षम तुल्याउनु
- शिक्षकको गुणवत्ताको मूल्याङ्कन गर्नु
- शिक्षकको अभिप्रेरणलाई समर्थन गर्नु
- शिक्षकहरूको उत्तरदायित्व/ कर्तव्यहरू सुनिश्चित गर्नु

विशिष्ट प्रयोगका आधारमा मानकका पक्षको महत्त्व भिन्न हुन सक्छ ; तथापि मानकहरूको एउटा साझा समुच्चयले शिक्षक अनि पेसाका रूपमा शिक्षा अनि शिक्षणसँग सम्बन्धित विभिन्न मुद्दामा नीतिहरूबिच सामञ्जस्य छ भन्ने सुनिश्चित गर्ने छ।

# 3 शिक्षकहरूका लागि राष्ट्रिय व्यावसायिक मानक (एनपिएसटी)

भारतको ज्ञानको परिदृश्य परिवर्तनको चरणबाट गुज्रिरहेको छ। यसैले 21 औँ शताब्दीको माग पुरा गर्न शिक्षा प्रणालीलाई नयाँ रूप दिन अत्यावश्यक भएको छ। भारतको एनइपी 2020 एक्काइसौँ शताब्दीको देशको पहिलो शिक्षा नीति हो र यसले हाम्रो देशका विभिन्न बढ्दा विकासात्मक आवश्यकताहरूलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ। शिक्षकहरूले साँच्चै हाम्रा नानीहरूको भविष्यलाई र त्यसैले हाम्रो राष्ट्रको भविष्यलाई आकार दिन्छन्। सबैका लागि सर्वाङ्गीण तथा गुणवत्तापूर्ण शिक्षाको लक्ष्य प्राप्त गर्न एनइपी 2020-ले शिक्षण पेसाको विकासमा विशेष जोड दिएको छ र शिक्षकहरूलाई सबै सुधारहरूको केन्द्रमा राखेको छ। शिक्षण पेसामा प्रवेश गर्न सर्वश्रेष्ठ एवम् प्रतिभाशाली व्यक्तिहरूलाई प्रेरित गर्नु, शिक्षकहरूलाई सशक्त बनाउनु तथा उनीहरूलाई जतिसक्दो प्रभावकारी ढङ्गले आफ्नो काम गर्न सहयोग गर्नु।

## 3.1 एनपिएसटीको सान्दर्भिकता

*"साधारण शिक्षा परिषद् (जिइसी) अन्तर्गत व्यावसायिक मानक निर्धारण निकाय (पिएसएसबी)-का नयाँ रूपमा पुनर्गठित राष्ट्रिय शिक्षक शिक्षा परिषद्ले एनसिइआरटी, एससिइआरटी, विभिन्न स्तर र क्षेत्रका शिक्षक, शिक्षक तयारी र विकासका विशेषज्ञ सङ्गठन, व्यावसायिक शिक्षामा विशेषज्ञ निकाय तथा उच्चतर शिक्षा सङ्गठनसित परामर्श गरेर शिक्षकहरूका लागि राष्ट्रिय व्यावसायिक मानक (एनपिएसटी)-का दिशानिर्देशहरूको एउटा साझा समुच्चय 2022-सम्ममा विकसित गर्ने छ। यस मानकले विशेषज्ञताका विभिन्न स्तर/ चरणमा शिक्षकहरूको भूमिकाका अपेक्षाहरू तथा त्यस चरणका लागि आवश्यक योग्यताहरूलाई समेट्ने छ। यसमा प्रत्येक चरणका लागि प्रदर्शन मूल्याङ्कनका मानकहरू पनि हुने छन् जो समय समयमा लागु गरिने छन्। एनपिएसटीले सेवापूर्व शिक्षक शिक्षा कार्यक्रमका ढाँचाबारे पनि जानकारी दिने छ। यसपछि यसलाई राज्यहरूद्वारा अँगालिन सकिने छ र कार्यकाल, व्यावसायिक विकासको प्रयास, वेतन वृद्धि, पदोन्नति तथा अन्य मान्यताहरू लगायत शिक्षक आजीविका प्रबन्धनका सबै पक्षहरू निर्धारित गर्न सकिने छ। पदोन्नति तथा वेतन वृद्धि कार्यकालको लम्बाइ वा वरिष्ठताका आधारमा नभएर यस्ता मूल्याङ्कनका आधारमा मात्र हुने छ। व्यावसायिक मानकहरूको समीक्षा र संशोधन 2030 मा र त्यसपछि प्रत्येक दस वर्षमा प्रणालीको प्रभावकारिताको कठोर अनुभवजन्य विश्लेषणका आधारमा गरिने छ" [अनुच्छेद 5.20, एनइपी 2020]।.*




चित्र.1शिक्षकको तत्परतासम्बन्धी चित्र

**3.1.1 शिक्षक शिक्षा:** एनपिएसटीले एनइपी 2020-मा परिकल्पना गरिए जस्तै 4 वर्षीय, 2 वर्षीय र 1 वर्षीय बी.एड.का सेवापूर्व शिक्षा कार्यक्रमको ढाँचाबारे सूचित गर्ने छ।

**3.1.2 शिक्षकहरूको भूमिका प्रबन्धन:** मानकले विशेषज्ञता/ चरणका विभिन्न स्तरमा शिक्षकहरूको भूमिकाबाट गरिने अपेक्षा र त्यस चरणका लागि आवश्यक योग्यतालाई समाविष्ट गर्ने छ। प्रत्येक चरणका लागि एनपिएसटीले प्रदर्शन मूल्याङ्कनका मानकहरू समाविष्ट गर्ने छ।

**3.1.3 शिक्षक आजीविका प्रबन्धन**: कार्यकाल, व्यावसायिक विकासका प्रयास, वेतन वृद्धि, पदोन्नति तथा अन्य मान्यताहरू सहित शिक्षक आजीविका प्रबन्धनका सबै पक्षहरू।

**3.1.4 शिक्षकहरूको व्यावसायिक विकास:** शिक्षकहरूको आत्म सुधार र तथा उनीहरूका पेसामा भइरहेका नवीनतम नवान्वेषण तथा प्रगतिबारे सिक्न निरन्तर अवसर दिइने छ।

एनइपी 2020-अनुसार शिक्षकको तयारी एउटा यस्तो गतिविधि हो जसका लागि बहुविषयक दृष्टिकोण तथा ज्ञान, स्वभाव र मूल्य निर्माण एवम् सर्वश्रेष्ठ परामर्शदाता अन्तर्गत अभ्यास विकासको आवश्यकता हुन्छ। यसका लागि शिक्षकहरू शिक्षा तथा शिक्षणशास्त्रका नवीनतम प्रगतिसँग राम्ररी परिचित हुनाका साथसाथै भारतीय मूल्य, भाषा, ज्ञान, लोकाचार र परम्परामा निपुण हुनु पर्छ । एनपिएसटी शिक्षण गुणवत्ता के हो र भारतमा विद्यार्थीका शैक्षिक परिणामलाई उत्कृष्ट बनाउन के आवश्यक छ भन्नेबारे एउटा सार्वजनिक अभिव्यक्ति हो। यी मानकहरू मार्गदर्शक कथनको एउटा समुच्चय हुने छ जसले आजीविकाका विभिन्न चरणहरूमा विशेषज्ञताका विभिन्न स्तरमा एकजना शिक्षकको भूमिकाबाट गरिने अपेक्षालाई परिभाषित गर्ने छ। प्रभावकारी शिक्षण कस्तो हुन्छ र 21औँ शताब्दीका स्कुलमा शिक्षण आजीविकाको प्रत्येक चरणमा शिक्षक भएर अभ्यास गर्न कुन सामर्थ्यको आवश्यकता हुन्छ भन्ने कुरा पनि मानकले परिभाषित गर्छ।

## 3.2 शिक्षकका लागि व्यावसायिक मानकहरू

शिक्षकका लागि व्यावसायिक मानकहरूको रूपरेखा असल शिक्षक र असल शिक्षणका गुणबारे व्यक्त एवम् अव्यक्त अभिव्यक्तिमा आधारित छ। यसबाहेक यसले भारतमा शिक्षण र शिक्षक निर्माणबारे शोधमा ध्यान केन्द्रित गर्छ तथा यसै सन्दर्भमा यसले शिक्षक र शिक्षणका गुणवत्ता परिभाषित गर्ने अनि तिनको मूल्याङ्कन गर्ने पहलहरूको पनि रूपरेखा तयार पार्छ।

**क. सामर्थ्य**

शिक्षकका लागि व्यावसायिक मानकहरू तयार पार्दा शिक्षण पेसाका लागि आवश्यक सामर्थ्यका लागि मानकहरूको एउटा साझा मूल समुच्चयतर्फ ध्यान आकर्षित गरिन्छ।

सामर्थ्यको तात्पर्य ज्ञान, कौशल, बुझाइ, मूल्य, दृष्टिकोण र इच्छाको संयोजन हो जसले कुनै विशेष प्रयोग क्षेत्रमा प्रभावकारी, मूर्त मानवीय क्रियाकलापतर्फ डोहोऱ्याउँछ।

**ख. प्रयोग क्षेत्र**

शिक्षकका ज्ञान र शिक्षण अभ्यास (शिक्षणपूर्व, शिक्षणका क्रममा तथा शिक्षणपछि) परस्पर सम्बन्धित क्षेत्र हुन् र यी दुवै विश्वास, कौशल, सञ्चार क्षमता, व्यावसायिक परिचय, आचरण, मूल्य एवम् स्वभावसँग सम्बन्धित छन्। निम्नलिखित तीनवटा प्रयोग क्षेत्रलाई मानकका रूपमा चिनिन्छ:

1. प्रमुख मूल्य र आचरण
2. ज्ञान र अभ्यास
3. व्यावसायिक वृद्धि एवम् विकास

**ग. शिक्षकको विवरणिका**

सुधार र प्रगतिका लागि तथा पेसावालहरूद्वारा पूरा गरिने उच्चतर मानकहरूको मान्यताका लागि एउटा आधारका रूपमा आकाङ्क्षा र मार्ग दुवैको स्थापना गर्दै, जतिसम्म सम्भव हुन्छ, शिक्षणमा विशेषज्ञताको सुधार र विकासको विचारलाई असल शिक्षणमा विकास एवम् वृद्धिको प्रकृतिलाई सङ्केत गर्न प्रयोग गरिएको छ। एनपिएसटीका लागि निम्नलिखित तीनवटा स्तरका शिक्षण स्कुली शिक्षा र विषय शिक्षण क्षेत्रका विभिन्न चरणमाझ सबै प्रयोग क्षेत्र र सामर्थ्यमा लागु गर्ने प्रस्ताव गरिएको छ। यी स्तर र तिनका विवरणको प्रयोग एउटा सक्षमकर्ताका रूपमा शिक्षकहरूले के गर्न सक्छन् एवम् उनीहरूले कुन प्रयोग क्षेत्रमा अझ धेर विकास गर्न सक्छन् भन्ने बारे एउटा दृष्टिकोण बनाउन गरिनु पर्छ। यसले शिक्षकद्वारा अर्जित सामर्थ्यको साक्ष्यका आधारमा निम्नलिखित स्तरमा तिनको नियुक्तिमा पनि सहयोग गर्ने छ:

1. प्रवीण
2. उन्नत
3. कुशल

एनपिएसटी एउटा मार्गदर्शक अभिलेख हो जसले सङ्लग्न सबै हितधारकहरूलाई उच्च गुणवत्तायुक्त शिक्षक तयार पार्न सहयोग गर्छ। यसले शिक्षकहरूलाई शिक्षक बन्ने उनीहरूको निर्णयदेखि उनीहरूको शिक्षण यात्रा पुरा गरुन्जेल एउटा स्पष्ट कौशलपूर्ण मार्ग उपलब्ध गराउँछ। यस अभिलेखले शिक्षक शिक्षा संस्थानलाई गुणवत्तापूर्ण शिक्षक तयार पार्न मार्गदर्शन गर्छ।

मानकहरूलाई शिक्षण विवरणिकाको एउटा विशेष चरणसम्म पुग्नका लागि पूर्वापेक्षित दक्षताहरूका रूपमा परिभाषित र वर्गीकृत गरिएको छ। एकजना शिक्षकले लक्षित आजीविकासम्म पुग्नाका लागि आवश्यक कौशल प्राप्त गरेर तथा सामर्थ्यका साक्ष्य साझा गरेर पूर्वापेक्षाहरू पुरा गर्ने छ। एउटा चरणका

मानकहरू पुरा गरेपछि शिक्षक प्रमाणित हुन्छ र औपचारिक रूपमा त्यस चरणतर्फ बढ्दछ तथा शिक्षकले अर्जित सामर्थ्यलाई शिक्षण अभ्यासमा लागु गर्ने छ र आजीविकाको अर्को चरणको सामर्थ्यबारे काम गर्न थाल्ने छ।

शिक्षक शिक्षा कार्यक्रम (टिइपी)-मा कुनै व्यक्तिको प्रवेशको पहिलो दिनदेखि नै सफल शिक्षण आजीविका तयारीको यात्रा सुरु हुन्छ। एनपिएसटीले ती योग्यता देखाउँछ जुन एउटा विद्यार्थी शिक्षकले शिक्षण आजीविकाको तयारी गर्दा प्रारम्भिक चरणमा आर्जन गर्नु पर्छ। यसैले जब कुनै भावी शिक्षकले शिक्षण पेसामा सम्मिलित हुने निर्णय गर्दछ तब उसलाई एनसिटिईद्वारा मान्यताप्राप्त टिइआईमा नामाङ्कित गरिने छ। संस्थाले विद्यार्थी शिक्षकलाई एउटा पाठ्यक्रमबारे शिक्षित बनाँउछ जुन शिक्षण पेसाको पहिलो आजीविका चरणसम्म पुग्न आवश्यक सामर्थ्यका आधारमा बनाइएको छ। यो मानक पाठ्यक्रम नियोजन अनि कार्यक्रमको वितरणमा सेवापूर्व शिक्षक संस्थानद्वारा पुरा गर्नु पर्ने न्यूनतम मानक हुने छ। विद्यार्थी शिक्षकले आफ्नो प्रारम्भिक शिक्षण प्रशिक्षणमा निरन्तर अभ्यास अनि परामर्शदाताको सहयोगद्वारा शिक्षण अनि सिक्ने प्रक्रियालाई प्रभावकारी ढङ्गमा समर्थित अनि कार्यान्वियित गर्न आवश्यक ज्ञान, कौशल, मूल्य अनि दृष्टिकोण विकसित गर्ने छ।

एउटा विद्यार्थी शिक्षक शिक्षण पेसामा प्रवेश गर्दा प्रत्येक स्कुल चरणका लागि शिक्षक पात्रता परीक्षा (टिइटी) एउटा पूर्वाविश्यकता हुने छ भन्ने प्रावधान एनइपी 2020-मा बनाइएको छ। यसरी टिइटीले मापन गरेर यस्ता उम्मेदवार चिह्नित भएको सुनिश्चित गर्ने छ अनि उनीहरूका टिइटी प्रोफाइलले उनीहरूका दक्षताको सीमा इङ्गित गर्ने छ। एकपल्ट जब नयाँ शिक्षक शिक्षण पेसामा आउँदछ तब उसलाई एनपिएसटी आधारित आजीविका चरणको तयारीका लागि निर्देशित गरिने छ। शिक्षकका दक्षताको निर्धारण प्रदर्शन सङ्केतक (पिआई)-द्वारा गरिने छ जसले पेसाका लागि स्वीकृत मानकहरूमध्ये उपलब्धिको स्तर दर्शाउँछ। चरणबद्ध दक्षता प्राप्त गर्ने न्यूनतम समयावधि पाँच वर्ष रहेको छ। शिक्षकका गुणवत्ताको आश्वासन अनि प्रदर्शन सङ्केतकहरूलाई राष्ट्रिय परामर्श अभियान (एनएमएम) कार्यक्रमसँग जोडिने छ अनि उत्कृष्ट शिक्षकलाई परामर्शदाताका समूहमा सम्मिलित गर्न सकिने छ। यसले विभिन्न व्यक्तिहरूमाझ अन्तर्शिक्षणको लाभ उठाउने अवसर प्रदान गर्छ जसद्वारा उनीहरूको व्यावसायिक विकास हुन्छ।

अर्जित सामर्थ्यका आधारमा शिक्षकहरूका तीनवटा विभिन्न स्तर यस प्रकार छन्:

**1. प्रवीण शिक्षक:**

यस आजीविका चरणमा एउटा शिक्षक शिक्षण अनि सिक्नाका लागि महत्त्वपूर्ण कौशलको प्रदर्शन गर्न व्यावसायिक रूपले स्वतन्त्र होस् भन्ने अपेक्षा राखिन्छ। व्यावसायिक विकास कार्यक्रम अनि तिनको अभ्यास गर्ने क्रममा अर्जित ज्ञानलाई सुदृढ बनाउन कुशल शिक्षकलाई स्कुलका परामर्शदाताद्वारा सहयोग गरिने छ। स्कुल आधारित परामर्शदाताले कुशल शिक्षकको शिक्षण अभ्यासमा सुधार गर्न सहयोग गर्ने छन्। एकपल्ट जब कुशल शिक्षक अर्जित कौशल लागु गर्न प्रदर्शनको सर्वश्रेष्ठ स्तरमा पुग्छ तब उसलाई अघिल्लो आजीविका चरण अर्थात् उन्नत शिक्षण चरणको तयारीका लागि निर्देशित गरिने छ। शिक्षकलाई अघिल्लो चरणका लागि व्यावसायिक विकासको अवसर दिइने छ र त्यही स्कुल स्तरका लागि अघिल्लो आजीविका

चरणसँग सम्बन्धित कौशल प्राप्त गर्ने तथा साक्ष्य विकसित गर्ने दिशामा निर्देशित गरिने छ। एकपल्ट जब शिक्षक अघिल्लो चरणका लागि तयार हुने छ तब उसलाई आफ्नो कौशलको मूल्याङ्कन गर्न र उन्नत शिक्षकको दर्जा प्राप्त गर्न निर्देशित गरिने छ। कुशल शिक्षकले पाठ्यक्रम सामग्रीलाई व्यवस्थित गर्न, संसाधनको चयन गर्न, पाठ्यपुस्तकको सार्थक उपयोग गर्न, विद्यार्थीका लागि समावेशी रूपले पाठ्यक्रमका उद्देश्य पुरा गर्न, विद्यार्थीको हित र विकासका लागि हेरचाह तथा चिन्ता गर्न एवम् विद्यार्थीसँग प्रभावकारी सञ्चार गर्न कौशल प्रदर्शित गर्ने छ। उसले शिक्षणको आवश्यकतालाई सम्बोधन गर्नाका लागि व्यक्तिगत शिक्षणको आवश्यकता चिन्ने छ; तत्काल हितधारक, माता पिता र स्कुल प्रबन्धनसँग कुराकानी गर्ने छ; लोकतान्त्रिक एवम् संवैधानिक मूल्य र अभ्यासलाई प्रोत्साहन दिने छ।

**2. उन्नत शिक्षक:**

आजीविकाको यस चरणमा एउटा शिक्षकद्वारा शिक्षण- अधिगम प्रक्रियासँग सम्बन्धित सर्वोत्तम अभ्यासमा आधारित शिक्षणका उच्चतम मानक अँगालिने अपेक्षा राखिन्छ। उनीहरू शिक्षण अनि अधिगमका लागि आवश्यक कौशलको अनुप्रयोगमा व्यावसायिक रूपले सक्षम हुने छन्। उन्नत शिक्षकले प्रवीण चरणमा शिक्षकका लागि सहकर्मी नाइकेको भूमिका निर्वाह गर्ने छन्। प्राचार्य/ प्रमुख/ वरिष्ठ अधिकारीद्वारा उन्नत शिक्षकहरूको अभ्यास अवलोकन गरिने छ अनि तदनुसार प्रशिक्षित गरिने छ। उन्नत शिक्षक अघिल्लो आजीविका चरणका लागि तयार भएपछि उसलाई विशेषज्ञ शिक्षकको दर्जा प्राप्त गर्न परामर्श दिइने छ। उनीहरू यस आजीविका चरणमा प्रयोग गर्न, अनुकूलन गर्न र ठुला संस्थासँग कार्य गर्न पर्याप्त रूपले सचेत हुने छन्; विषय क्षेत्रका विकासबारे सचेत हुने छन्; कौशलको समाकलन र पाठ्यक्रम सामग्रीमाझ नयाँ पाठ्यक्रम सामग्रीबारे काम गर्न सचेत हुने छन्। उनीहरू विद्यार्थीका व्यक्तिगत आवश्यकता सँगसँगै उनीहरूको अधिगमका विविध आवश्यकता पुरा गर्न सक्षम हुने छन्; शिक्षार्थी तथा शिक्षण सन्दर्भलाई बुझेपछि चिन्तन गर्ने छन्; तुलना गर्ने छन्, नवान्वेषण गर्ने छन् र समस्याको समाधान गर्ने छन्। उनीहरू तत्काल, मध्यम र दीर्घकालिक विद्यार्थी अधिगम/ शैक्षिक उद्देश्यका लागि रणनीति बनाउन साधनसम्पन्न रहने छन् तथा स्कुल र समुदायभित्र चुनौतीहरूलाई सम्बोधन गर्न र विविध हितधारकहरूसँग काम गर्न सक्षम हुने छन्।

**3. कुशल शिक्षक:**

यस स्तरमा शिक्षकले परामर्शदाता वा सहकर्मी नाइकेको भूमिकाका लागि असाधारण क्षमताका साथ उच्चतम मानक अँगालुन् तथा अन्य शिक्षकलाई उनीहरूको क्षमता सुधार्न सहयोग गरुन् साथै स्कुलका व्यावसायिक विकास कार्यक्रमको नेतृत्व पनि गरुन् भन्ने अपेक्षा राखिन्छ। आजीविकाको यस चरणमा एउटा शिक्षकले आफ्नो शिक्षण अभ्यासमा निरन्तर सर्वश्रेष्ठ प्रदर्शन गर्ने छन्, संयुक्त रूपले काम गर्ने छन् र आफ्ना

सहकर्मीलाई उनीहरूको अधिगम अनि अभ्यास बढाउन परामर्श दिने छन्। यसबाहेक एउटा विशेषज्ञ शिक्षकले निरन्तर आफ्नो अनि आफ्ना सहकर्मी तथा विद्यार्थीका अधिगमको आवश्यकताबारे विचार गरेर व्यावसायिक ज्ञान र अभ्यास विकसित गर्ने प्रयास गर्ने छ। कुशल शिक्षक सहकर्मी अवलोकनमा सम्मिलित हुने छन् अनि आफ्नो र अरूका अधिगमका लागि जिम्मावार हुने छन्। कुशल शिक्षकले अघिल्लो आजीविका चरणमा अघि बढ्न अरूलाई परामर्श दिने छन्। उनीहरूलाई कौशल प्राप्त गर्ने र अघिल्लो आजीविका चरणसँग सम्बन्धित साक्ष्य विकसित गर्ने दिशामा निर्देशित गर्ने छन्। उनीहरू स्कुलमा अधिगम समुदाय विकसित गरेर स्वयम्को शिक्षण अभ्यास तथा अरूलाई उत्कृष्ट बनाउने असाधारण क्षमता प्रदर्शन गर्ने छन्।

## 3.3 सामर्थ्यको वृद्धि अनि विकास

वर्णन गरिएका सबै व्यावसायिक प्रयोग क्षेत्रमा सामर्थ्यको वृद्धि र विकास सम्भव र वाञ्छनीय दुवै छन्। यो वृद्धि र विकास शिक्षणसँग सम्बन्धित सबै प्रकारका दक्षतामा लागु हुन्छ : ज्ञान, दृष्टिकोण, विश्वास, कौशल, स्वभाव, मूल्य, शिक्षणका सामग्री/ विषय वस्तु, शिक्षार्थीका बुझाइ, समुदाय, शिक्षाको दार्शनिक उद्देश्य आदि। स्थूल रूपमा यस प्रकारका विकासका लागि तीनवटा मार्ग छन्:

क. **अनुभव -** अनुभव र चिन्तनद्वारा शिक्षकहरूले शिक्षण अभ्यासबारे अधिक ज्ञान प्राप्त गर्दछन्।उनीहरूको ज्ञान गहन बन्दछ। सिद्धान्त र मान्यता, सन्दर्भ, शिक्षार्थी र अधिगम प्रक्रियासँगै शैक्षिक उद्देश्यको ज्ञान बढ्दछ। प्रारम्भमा शिक्षकको ध्यान शिक्षणको दिनचर्यासँग धेर परिचित हुने र विभिन्न व्यावसायिक तथा कार्यस्थलका मागहरूसँग अभ्यस्त हुने आवश्यकतातर्फ हुन्छ जुन कुनै पनि व्यवसायका लागि सामान्य हो। बिस्तारै शिक्षणको मुख्य कार्यसँग संलग्न हुन र सबै विद्यार्थीको अधिगमलाई सक्षम बनाउन तथा शैक्षिक लक्ष्य प्राप्ति गर्न अधिक मानसिक समय निकालिन्छ। सेवापूर्व शिक्षकका शिक्षा चरणका क्रममा प्राप्त 'सैद्धान्तिक' अधिगमको महत्त्व र मूल्य पनि शिक्षकका लागि अधिक स्पष्ट र मूल्यवान हुन्छ। शिक्षकहरूमा व्यावसायिक परिचय तथा पेसाबारे ज्ञान पनि अधिक विकसित हुन्छ। सबै शिक्षकले अनुभवद्वारा सिक्छन् र विकसित हुन्छन्।


ख. **उद्घाटन एवम् अन्तर्क्रिया-** व्यावसायिक शिक्षाको सामाजिक प्रकृतिलाई अब तीव्रतासँग स्वीकार गरिँदै छ। सहकर्मी र सहयोगीहरूसित कुराकानी गरेर सिक्नु तथा 'अन्यत्र कामकुरा कसरी गरिन्छ' आदिबारे जान्नु शिक्षकका लागि अधिगम एवम् विकासका महत्त्वपूर्ण स्रोत हुन्। सम्मेलन र कार्यशालामा भाग लिनाले, अभ्यास र व्यावसायिक अधिगम समुदायको अङ्ग बन्नाले तथा शिक्षाबाहेक अन्य कार्यस्थलमा कार्यक्रममा सहभागी भएको अनुभवले शिक्षकलाई चिन्तन र अधिगमको अवसर प्रदान गर्दछ।

ग. **निरन्तर व्यावसायिक विकास -** अनलाइन र अफलाइन कार्यशालाहरू, क्षमता निर्माण सत्रहरू, कौशल प्रवर्धन पाठ्यक्रमहरूले निरन्तर व्यावसायिक विकासका लागि नयाँ ज्ञान, अभ्यासहरू सिक्ने वा नयाँ कौशल क्षेत्रहरू र दक्षता विकसित गर्ने अवसर प्रदान गर्दछन्,

सम्बन्धित दक्षता विकास गरेर त्यसद्वारा आजीविकाका नयाँ मार्गहरूतर्फ लैजान्छन्। अत: यी दुवै नयाँ क्षेत्रहरूबारे जान्ने र अधिक विशेषज्ञता विकास गर्ने महत्त्वपूर्ण अवसर हुन्।

## 3.4 शिक्षकहरूका लागि राष्ट्रिय व्यावसायिक मानक (एनपिएसटी)

सामान्यतः प्रभावकारी ढङ्गमा शिक्षणको गुणवत्ता परिभाषित गर्न र त्यसको मानचित्रण गर्न मानक हेरिन्छ। तिनले असल शिक्षणको प्रतिनिधित्व गर्छन् साथै मानक पुरा गर्नुको अर्थ के हो भन्ने पनि चिनाउँछन्। व्यावसायिक रूपले यी मानकलाई तिनका उद्देश्य र व्याप्तिका आधारमा वर्गीकृत गरिन्छ। अभ्यासका सम्बन्धित प्रयोग क्षेत्रका लागि यी मानक सामान्य वा विशिष्ट हुन सक्छन्। सबै शिक्षण व्यावसायिकहरूलाई सँगै वा आजीविकाका भिन्न भिन्न चरणमा क्रमिक रूपले शिक्षकलाई सम्मिलित गर्दै एउटा आधारभूत तरिकाले पनि यिनलाई परिभाषित गर्न सकिन्छ जसले प्रवीणदेखि कुशल अभ्यासका स्तरमा दिशानिर्देश प्रदान गर्दछन्।




चित्र.2व्यावसायिक मानक एवम् सामर्थ्यसम्बन्धी चित्र

एनइपी 2020-को परिकल्पना साकार गर्न उल्लिखित तीनैवटा प्रयोग क्षेत्रमा शिक्षण व्यावसायिकहरूको आजीविका विकासलाई समावेश गर्न सकियोस् भनेर मानकलाई विस्तृत रूपमा परिभाषित गरिएको छ। एनसिइआरटी, एससिइआरटी, सबै स्तर र क्षेत्रका शिक्षक, शिक्षक तयारी तथा विकासका विशेषज्ञ सङ्गठन, विशेषज्ञ निकाय र उच्च शिक्षा संस्थानसँगको विमर्शद्वारा एनपिएसटीका दिशानिर्देशहरूको एउटा साझा सङ्कलन विकसित गरिएको छ।

# 4 शिक्षकहरूका लागि राष्ट्रिय व्यावसायिक मानक (एनपिएसटी)-को रूपरेखा

शिक्षकहरूका लागि राष्ट्रिय व्यावसायिक मानकको आजीविकाका आयामलाई शिक्षकका कामहरूको विशिष्ट पक्षद्वारा वर्णन गर्न सकिन्छ। यस ढाँचालाई 'मानक' कहलाइने निम्नलिखित तीनवटा परस्पर सम्बन्धित क्षेत्रमा व्यवस्थित गरिएको छ जसले वर्णनअनुसार धेरैवटा प्रयोग क्षेत्रलाई समावेश गर्छ।

**4.1. मानक 1 : प्रमुख मूल्य र आचरण** - यस मानकले एकजना शिक्षकबाट अपेक्षा राखिएका प्रमुख मूल्य र आचरणसँग सम्बन्धित प्रयोग क्षेत्रलाई समाविष्ट गर्ने छ। शिक्षण पेसामा प्रमुख मूल्य र आचरणले एउटा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। यसले मार्गदर्शक सिद्धान्तका रूपमा काम गर्छ जसले एकीकरणका लागि प्रतिबद्धता, व्यावसायिकता, इमानदारी, सम्मान, विश्वास र कक्षाभित्र पारस्परिक सुझबुझ तथा शिक्षकका आफ्ना शिक्षाशास्त्रीय कौशल र दीर्घजीवन अधिगमलाई निरन्तर परिशोधन गर्न सहयोग जस्ता शिक्षकका मूल्यहरूको व्यावसायिक विकासलाई आकार दिन्छ। यी प्रमुख मूल्य र आचरणलाई निरन्तरता दिँदै शिक्षकले समानता अनि समावेशिकताको आधारशिला निर्माण गर्छ।




चित्र.3 प्रमुख मूल्य अनि आचरणसम्बन्धी चित्र

**4.2. मानक 2 : ज्ञान र अभ्यास** -आफ्ना आजीविकाका प्रत्येक चरणमा प्रभावकारी रूपले कार्य गर्न शिक्षण-अधिगम तथा आफ्ना विद्यार्थीबारे एकजना शिक्षकले के जानोस् अनि बुझोस् भन्ने अपेक्षा राखिन्छ भन्ने कुरासित सम्बन्धित प्रयोग क्षेत्रलाई यस मानकले समेट्छ। एकजना शिक्षकले शिक्षण-अधिगम प्रक्रिया र अधिगमको मूल्याङ्कनका क्रममा नानीहरूका लागि उपयुक्त हुने शिक्षण अनुभवको ढाँचा कसरी बनाउँछ भन्ने कुरो पनि मानकले चित्रण गर्छ । शिक्षकका ज्ञान र अभ्यासको प्रयोग क्षेत्र व्यापक छ तथा यसमा विषयवस्तुको ज्ञान एवम् सन्बन्धित शैक्षणिक सामग्रीको ज्ञान, विषयवस्तु प्रस्तुत गर्ने तरिकाको ज्ञान, शैक्षिक उद्देश्य तथा राष्ट्रिय शिक्षा प्रणाली, नीति र इतिहासको ज्ञान, अधिगम सिद्धान्तको ज्ञान तथा शिक्षार्थी सन्दर्भको विशिष्ट ज्ञान र शैक्षिक अभ्यासको ज्ञान समाविष्ट छन्। ज्ञान र अभ्यास अन्तर्गत कार्य 'गर्ने' क्षमता र स्वभाव तथा विद्यार्थीलाई समावेशी र सार्थक रूपले सङ्लग्न गर्न, योजना बनाउन, पढाउन, मूल्याङ्कन गर्न

र चिन्तन गर्न, संसाधनको चयन, विकास र उपयोग गर्न, कक्षा, पुस्तकालय, प्रयोगशाला, क्षेत्र भ्रमण, गल्ली अनि खेल मैदानसहित विभिन्न पाठ्यक्रमिक स्थलमा सिक्ने अनुभवको ढाँचा बनाउन र कार्यान्वित गर्न तथा सबै विद्यार्थीलाई समग्र रूपले सिक्न र विकसित हुन सहयोग गर्नका लागि चाहिने नियन्त्रणको भावना समाविष्ट छ।




चित्र.4 ज्ञान र अभ्याससम्बन्धी चित्र

**4.3. मानक 3 : व्यावसायिक वृद्धि एवम् विकास -** निरन्तर व्यावसायिक विकास (सिपिडी) कार्यक्रममा सहभागिताद्वारा आजीविकाका प्रत्येक चरणमा आफ्नो व्यावसायिक ज्ञान र अभ्यास राम्रो बनाउन शिक्षकले के गरोस् भन्ने अपेक्षा गरिन्छ त्यससँग सम्बन्धित प्रयोग क्षेत्रलाई यस मानकले समाविष्ट गर्छ। व्यावसायिकका रूपमा शिक्षकले आफ्नो व्यावसायिक परिचयलाई महत्त्व दिनु पर्छ अनि आफ्नो क्षमताको वृद्धि र विकास गर्न निरन्तर प्रयास गर्नु पर्छ। यस अभिलेखमा प्रयोग गरिएको सामर्थ्यको कार्यकारी परिभाषामा स्पष्ट पारिए जस्तै सामर्थ्यले ज्ञान, स्वभाव र क्षमताका यी सबै रूपलाई समाविष्ट गर्छ।




चित्र.5 व्यावसायिक वृद्धि र विकाससम्बन्धी चित्र

| मानक 1: प्रमुख मूल्य र आचरण | | | |
|---|---|---|---|
| एउटा शिक्षकले प्रदर्शित गरोस् भन्ने अपेक्षा गरिएका प्रमुख व्यावसायिक मूल्य र आचरण | | | |
| प्रयोग क्षेत्र | प्रवीण शिक्षक | उन्नत शिक्षक | कुशल शिक्षक |
| भारतको संविधानमा निहित संवैधानिक मूल्यहरू | संवैधानिक मूल्यका सन्दर्भमा तर्क गर्ने, प्राथमिकता निर्धारित गर्ने, चिन्तन गर्ने र व्याख्या गर्ने क्षमता | | |
| | नैतिक र जिम्मावारीपूर्वक सूचनाको प्रयोग गर्ने तथा विद्यार्थीको गरिमा सुनिश्चित गर्ने क्षमता | | |
| | भारतीय संविधानको अनुच्छेद 51A मा दिइएका मौलिक कर्तव्यप्रति सचेतना र त्यसको पालन | | |
| | कानुनी दायित्व, नियम, विनियम, नीति बुझ्ने क्षमता तथा प्रतिकूल स्थितिमा नैतिक रूपले तर्क गर्ने तथा जटिल परिवेशमा सम्झौता गर्ने क्षमता | | |
| व्यावसायिक सम्बन्ध | शिक्षार्थीका लागि सहपाठ्यक्रममूलक अवसरहरू सुरु गर्न अन्य पेसावालहरू तथा सङ्गठनहरूसँग सम्पर्क स्थापित गर्नु | | |
| | नानीहरूको समग्र विकासमा माता पिता र समुदायको भूमिका स्विकार्नु र बुझ्नु | | |
| | संसाधन आदि बाँड्न आफ्नो विद्यालय र अन्य संस्था तथा समुदायबिच पारस्परिक सम्बन्ध बनाइराख्ने क्षमता | | |
| | स्कुलभित्र अनि बाहिर विभिन्न हितधारकहरूसँगको सम्बन्धलाई पोषित गर्ने र जटिल तथा चुनौतीपूर्ण परिवेशसँग जुझ्ने क्षमता | | |
| | सबै विद्यार्थीका लागि समावेशी रूपले शैक्षिक लक्ष्य प्राप्त गर्न तथा विद्यालयका सबै सदस्यका लागि अनुकूल कार्य परिवेश र कल्याण सुनिश्चित गर्न संस्थालाई कुशलतापूर्वक र प्रभावकारी ढङ्गमा कार्य गर्न सक्षम बनाउन लक्ष्य अनि रणनीति निर्धारित गर्ने क्षमता | | |

| मानक 2 : ज्ञान र अभ्यास | | | | |
|---|---|---|---|---|
| कक्षामा प्रभावकारी शिक्षाशास्त्रीय अभ्यासका सन्दर्भमा एउटा शिक्षक के जान्न, बुझ्न अनि गर्न सक्षम होस् भन्ने अपेक्षा राखिन्छ | | | | |
| प्रयोग क्षेत्र | उप प्रयोग क्षेत्र | प्रवीण शिक्षक | उन्नत शिक्षक | कुशल शिक्षक |
| प्रत्येक नानीका अद्वितीय क्षमताहरू मान्नु, चिन्नु अनि बढाउनु | बाल विकास तथा अधिगममा प्रभाव | विकासका विभिन्न चरण तथा क्षेत्र (संज्ञानात्मक, भाषिक, सामाजिक, भावानात्मक र शारीरिक)-सँग सम्बन्धित सिद्धान्तहरूको ज्ञान | व्यक्तिका अधिगम एवम् विकासको विन्यास चिह्नित गर्न बाल विकासका ज्ञान र बुझाइको अनुप्रयोग गर्नु | सहकर्मीका लागि बाल विकास सिद्धान्तका प्रतिदर्शको अनुप्रयोग गर्नु |
| | शिक्षार्थीका विविधता | विभिन्न प्रकारका शिक्षार्थीहरूको विविधता (सिक्ने शैली, सिक्ने आवश्यकता, सामाजिक-आर्थिक स्थिति, संस्कृति, भाषा, पारिवारिक संरचना आदि सहित)-को स्पष्ट ज्ञान विकसित गर्नु तथा स्कुल र कक्षामा यस विविधतालाई सम्बोधित गर्नु | विद्यार्थीका विविध आवश्यकता पुरा गर्न अधिगम संसाधनबारे ज्ञानको अनुप्रयोग तथा एउटा समावेशी कक्षाको निर्माण गर्नु। | कक्षाको अनुभवका आधारमा प्रत्येक विद्यार्थीका विविध आवश्यकताको निदान गर्ने र तिनलाई सम्बोधन गर्ने क्षमता |
| | विकलाङ्ग एवम् प्रतिभाशाली विद्यार्थीका अधिगम आवश्यकता | विभिन्न प्रकारका विकलाङ्गता र उनीहरूको विशेष अधिगमका आवश्यकतासँगै प्रतिभाशाली नानीहरूको आवश्यकताबारे ज्ञान प्रदर्शित गर्नु एवम् उनीहरूका अधिगमको समर्थन गर्न रणनीति बनाउनु | कक्षामा विभिन्न विद्यार्थीका आवश्यकता चिन्न र तिनलाई सम्बोधन गर्न विशेष आवश्यकतासम्बन्धी ज्ञानको अनुप्रयोग गर्नु | विशेषज्ञका हस्तक्षेपको आवश्यकता हुने विशेष आवश्यकता चिन्ने क्षमता तथा यस्ता परिस्थितिसँग जुझ्न सहकर्मीलाई सुझाउ दिनु |
| विषयको ज्ञान, अवधारणात्मक ज्ञान र अनुप्रयोग | | विषय क्षेत्रको ज्ञान, बुझाइ अनि अनि अनुप्रयोगका प्रसार क्षमताको प्रदर्शन गर्नु | अन्तः विषयक एवम् अन्तर्विषयक विषयको सम्बन्ध र स्थानीय तथा देशज ज्ञानलाई एकीकृत गर्नु | विषय क्षेत्रमा भइरहेका विकासबारे आफूलाई अद्यतन गर्नु तथा पाठ्यक्रम सञ्चालनमा नयाँ अवधारणाहरू ल्याउनु। |
| पाठ्यक्रम | पाठ्यक्रमको रूपरेखा | विषय/ ज्ञानानुशासनमा पाठ्यक्रमका लक्ष्य र ढाँचाबारे स्पष्ट ज्ञान विकसित गर्नु | अन्तर्विषयक तथा अन्तःविषयक पाठ्यचर्याको सम्बन्ध बुझ्न र विकसित गर्न सहकर्मीसँग संयुक्त रूपमा कार्य गर्नु | नवीनतम विकास र नयाँ ज्ञानबारे विचार गर्दै पाठ्यक्रम सञ्चालनमा संशोधन। |

| मानक 2 : ज्ञान र अभ्यास | | | | |
|---|---|---|---|---|
| कक्षामा प्रभावकारी शिक्षाशास्त्रीय अभ्यासका सन्दर्भमा एउटा शिक्षक के जान्न, बुझ्न र गर्न सक्षम होस् भन्ने अपेक्षा राखिन्छ | | | | |
| **प्रयोग क्षेत्र** | **उपप्रयोग क्षेत्र** | **प्रवीण शिक्षक** | **उन्नत शिक्षक** | **कुशल शिक्षक** |
| विद्यार्थीको शिक्षाका लागि विषयवस्तुको विकास | निर्देशात्मक/ शिक्षाशास्त्रीय रणनीति तथा अधिगमको वर्गीकरण | सामान्य निर्देशात्मक रणनीति, शिक्षणमा प्रयुक्त अधिगमको वर्गीकरण तथा साझा शिक्षाशास्त्रीय विधि र संसाधनको ज्ञान | आफ्नो विषय/ शिक्षण क्षेत्रमा अधिगमको वर्गीकरण र शैक्षणिक रणनीतिको प्रयोग गरेर विकासात्मक रूपले उपयुक्त अधिगम लक्ष्य/ परिणाम विकसित गर्नु। | आकर्षक पाठ योजना बनाउन अधिगमको सिद्धान्त, निर्देशात्मक/ शिक्षाशास्त्रीय रणनीति तथा अधिगम वर्गीकरणको प्रयोग चयन गर्न सहकर्मीलाई परामर्श दिनु। |
| | विभेदित निर्देशन/ शिक्षण | विभेदित निर्देशन/ शिक्षण रणनीति तथा अधिगममा विद्यार्थीहरूको सहभागिता बढाउन तिनको भूमिकाबारे स्पष्ट ज्ञान र बुझाइ प्रदर्शित गर्नु। | विद्यार्थीलाई अधिगममा सङ्लग्न गर्न विभेदित निर्देशको अनुप्रयोग गर्नु। | विद्यार्थीको सहभागिता बढाउन विकासात्मक रूपले उपयुक्त विभेदित गतिविधि एवम् रणनीति बनाउन सहकर्मीलाई परामर्श दिनु। |
| | आलोचनात्मक सोच, रचनात्मक सोच र उच्च स्तरीय सोच जस्ता जीवन कौशल विकसित गर्न रणनीति र उपकरण | आलोचनात्मक र रचनात्मक सोच तथा / वा अन्य उच्च स्तरीय सोच कौशल विकसित गर्ने साझा शिक्षाशास्त्रीय रणनीतिको गहन समझदारी देखाउनु | यस्ता कौशल विकसित गर्न उपयुक्त शैक्षणिक रणनीतिको प्रयोग गर्नु। | यस क्षेत्रमा नवीनतम विकासको ज्ञानका आधारमा नयाँ शिक्षाशास्त्रीय रणनीति बनाउनु। |
| अधिगम योजना | अधिगमका लक्ष्य र उद्देश्य | मापनयोग्य र प्राप्तियोग्य अधिगमका लक्ष्य एवम् उद्देश्यको ज्ञान | पाठ्यक्रमको संरचना अनुरूप विषयका लागि मापनीय अनि प्राप्तियोग्य अधिगम लक्ष्य र उद्देश्य बनाउनु। | उच्च अपेक्षा निर्धारित गर्ने तथा चुनौतीपूर्ण तर प्राप्तियोग्य लक्ष्य विकसित गर्ने, विद्यार्थीका विभिन्न आवश्यकता पुरा गर्ने र तिनको समग्र विकासबारे विचार गर्ने क्षमता |
| | अधिगम अनुभवको योजना | विशेष अधिगम उद्देश्यका लागि अधिगम योजना विकसित गर्ने क्षमता | भिन्न भिन्न शिक्षार्थीका आवश्यकता समावेश गरेर विभेदित अधिगम योजना बनाउनु। | पाठ्यक्रमका आधारमा अन्तर्सम्बन्धित अधिगम योजनाको शृङ्खला बनाउने क्षमता |

| मानक 2 : ज्ञान र अभ्यास | | | | |
|---|---|---|---|---|
| कक्षामा प्रभावकारी शिक्षाशास्त्रीय अभ्यासका सन्दर्भमा एउटा शिक्षक के जान्न, बुझ्न र गर्न सक्षम होस् भन्ने अपेक्षा राखिन्छ | | | | |
| प्रयोग क्षेत्र | उप प्रयोग क्षेत्र | प्रवीण शिक्षक | उन्नत शिक्षक | कुशल शिक्षक |
| अधिगमका लागि र अधिगमका रूपमा अधिगमको मूल्याङ्कन | मूल्याङ्कनका रणनीति | विभिन्न प्रकारका मूल्याङ्कन रणनीति तथा उपकरणको ज्ञान | विद्यार्थीको अधिगमको आवश्यकताका आधारमा उपयुक्त मूल्याङ्कन रणनीति चयन गर्नु | सङ्गठनात्मक, राज्य र राष्ट्रिय स्तरमा मूल्याङ्कन नीतिको ज्ञान प्रदर्शित गर्नु |
| | मूल्याङ्कनका तथ्य | मूल्याङ्कनका तथ्याङ्कबाट विद्यार्थीहरूबारे अन्तर्दृष्टि निर्माण गर्नु | लक्ष्य निर्धारित गर्न र अधिगमको योजना बनाउन मूल्याङ्कन तथ्यको उपयोग गर्नु | विद्यार्थी/ कक्षाको प्रदर्शनको एउटा समेकित दृश्य बनाउनका लागि विभिन्न स्रोतहरूबाट तथ्यको लाभ उठाउनु र उचित निवारणका माध्यमबाट अधिगममा सहयोग गर्नु |
| | सञ्चार व्यवस्था र प्रतिक्रिया | विद्यार्थी र अभिभावकहरूलाई विद्यार्थीको प्रदर्शन तथ्यबारे सञ्चार गर्नु तथा प्रगतिबारे प्रतिक्रिया दिनु | विद्यार्थीका माता पिता र उनीहरूलाई हेरचाह गर्ने मान्छेसित विद्यार्थीको प्रदर्शनबारे विशिष्ट प्रतिक्रिया साझा गर्नु | विद्यार्थीका अधिगमलाई मार्गदर्शन गर्न अभिभावक र समुदायका सदस्यसित संयुक्त रूपमा काम गर्नु |
| शिक्षामा प्रविधिको प्रयोग र एकीकरण | | शिक्षामा प्रविधिको भूमिका बुझ्नु | शिक्षण-अधिगम, मूल्याङ्कन तथा कक्षा प्रबन्धनमा सहयोग गर्न आइसिटी उपकरणको उपयोग गर्नु | स्वयम्का लागि र सहकर्मीहरूका लागि शिक्षण-अधिगमलाई सहयोग गर्न उपयुक्त प्राविधिक संसाधन सिर्जना गर्नु |

| मानक 2 : ज्ञान र अभ्यास | | | | |
|---|---|---|---|---|
| कक्षामा प्रभावकारी शिक्षाशास्त्रीय अभ्यासका सन्दर्भमा एउटा शिक्षक के जान्न, बुझ्न र गर्न सक्षम होस् भन्ने अपेक्षा राखिन्छ | | | | |
| प्रयोग क्षेत्र | उप प्रयोग क्षेत्र | प्रवीण शिक्षक | उन्नत शिक्षक | कुशल शिक्षक |
| कक्षाका घटक र गतिशीलता | सुरक्षित, पोषक तथा सहयोगी अधिगम परिवेश | सुरक्षित तथा समावेशी कक्षा बनाउन सुविधा र संसाधनलाई व्यवस्थित गर्नु | एउटा समावेशी र सहयोगी अधिगम परिवेश स्थापित गर्नु जसमा विद्यार्थीहरूलाई कुनै डरबिना मत साझा गर्न प्रोत्साहित गर्नु पनि समाविष्ट होस् | सुरक्षित तथा समावेशी कक्षाको विकास गर्न विद्यार्थीलाई सम्मिलित गर्नु |
| | कक्षाको प्रबन्धन | कक्षा प्रबन्धन पद्धतिहरूको ज्ञान र तिनको उपयोग गर्ने क्षमताको प्रदर्शन गर्नु | विद्यार्थीका व्यवहारमा देखापर्ने विविधता बुझ्नु र समायोजित गर्नु | विद्यार्थीहरूमा आत्म अनुशासन, व्यक्तिगत उत्तरदायित्व र नेतृत्वको विकास गर्नु (अनुकरणीय व्यक्ति) |
| | प्रभावकारी कक्षा सञ्चार | विभिन्न मौखिक र अमौखिक कक्षा सञ्चार रणनीति बुझ्ने क्षमता प्राप्त गर्नु | अधिगमलाई सहभागितापूर्ण बनाउन विभिन्न मौखिक र अमौखिक कक्षा सञ्चार रणनीतिको उपयोग गर्नु र तीबारे प्रतिक्रिया दिनु | कक्षामा सञ्चारलाई सुधार्न सहकर्मीलाई सहयोग गर्न/ दिशानिर्देश दिन रचनात्मक प्रतिक्रिया दिनु |
| | भाषिक विविधता र बहुभाषिकता | भाषिक विविधता र प्रासङ्गिक भाषा(हरू)-मा दक्षताको ख्याल नराखी सबै नानीहरूप्रति समावेशिता प्रदर्शित गर्नु | शिक्षण अनि अधिगमलाई सुविधाजनक बनाउन कक्षामा बहुभाषिकताको प्रयोग गर्न सहकर्मीलाई सहयोग गर्नु | सहकर्मीहरूमाझ शिक्षण र अधिगमलाई सुविधाजनक बनाउन बहुभाषिकताको उपयोगका पक्षमा वकालत गर्नु |

| मानक 3 : व्यावसायिक वृद्धि र विकास | | | |
|---|---|---|---|
| व्यावसायिक अभ्यासमा विकास र वृद्धि गर्ने क्षमता | | | |
| प्रयोग क्षेत्र | प्रवीण शिक्षक | उन्नत शिक्षक | कुशल शिक्षक |
| अधिगमका आवश्यकताहरू | आफ्नो व्यावसायिक विकासका लागि अधिगमका आवश्यकताहरू चिन्नु तथा लक्ष्य निर्धारित गर्नु | हितधारकहरूबाट प्राप्त प्रविष्टिका आधारमा एउटा व्यावसायिक विकासको योजना बनाउनु | सहकर्मीका लागि व्यावसायिक विकासका अवसरहरूको योजना बनाउनु र उपलब्ध गराउनु |
| चिन्तनमूलक अभ्यास | चिन्तनमूलक अभ्यासका ज्ञानको प्रदर्शन गर्नु | आफ्नो शिक्षण अभ्यासलाई संशोधित गर्न चिन्तनमूलक अभ्यासको प्रयोग गर्नु | सहकर्मीलाई चिन्तनमूलक अभ्यास लागु गर्न सहायता/ परामर्श दिनु |
| अधिगम समुदायमा संलग्नता र सहभागिता | स्कुलभित्र र बाहिर अधिगमका अवसरहरूमा सहभागिता जनाउनु | आफ्नो शोध र अधिगमबारे सम्मेलन, सङ्गोष्ठी वा वेबिनारमा प्रस्तुति दिनु | स्कुलभित्र शिक्षण समुदायको थालनी गर्नु र व्यावसायिक विकास सत्र आयोजित गर्नु |

# 5. कार्यान्वयन

एनसिटिईमा राष्ट्रिय शिक्षक गुणवत्ता केन्द्र (एनसिटिक्यु) नामक एउटा डिजिटल मञ्च स्थापित गरिएको छ जसमा शिक्षकका लागि एउटा सङ्ग्राहलय हुने छ र यो एनपिएसटीको सञ्चालन गर्न उत्तरदायी हुने छ। यसबाहेक अधिक स्रोत व्यक्ति/ संस्था निर्माण गर्न हितधारक/ कार्यान्वयन संस्थाहरूको क्षमता निर्माण कार्यक्रम सुरु गरिने छ। एनपिएसटी मार्गदर्शक अभिलेख कार्यान्वयन र प्रभावको मूल्याङ्कनलाई देशभरिमा 1175 जना शिक्षकसँग 75 वटा केन्द्र सरकारको स्वामित्व भएका स्कुल (25 वटा केविएस + 25 वटा एनविएस + 25 वटा सिबिएसई)-मा परीक्षण गरिएको छ। परीक्षणमूलक कार्यक्रमका तल उल्लेख गरिए जस्तै उद्देश्यहरू प्राप्त गरिएका छन्:

- शिक्षकको सामर्थ्य स्तर अनि आजीविकाका चरणसँग तादात्म्य
- शिक्षकका कौशल/ सामर्थ्य र शिक्षण अभ्यासबारे एनपिएसटीको परीक्षण प्रभावको मापन
- एनिपिएसटीको कार्यान्वयन रणनीतिबारे हितधारकहरूको प्रतिक्रिया सङ्ग्रहण

## 5.1. कार्य योजना

शिक्षक गुणवत्ताको मानचित्रणका लागि मानकहरू स्पष्ट रूपले परिभाषित गरी शिक्षकको दक्षता सुधार्न विकासात्मक मार्ग देखाउँदै शिक्षामा आमूल परिवर्तन गर्ने क्षमता एनपिएसटीमा छ। एनपिएसटीको परीक्षणका क्रममा नियन्त्रित तरिकाले कार्यान्वयन योजनाको अवधारणा निर्माण र त्यसको परीक्षण गरिएको छ। कार्यान्वयन प्रक्रियामा निम्नलिखित चरण समाविष्ट छन्:

- लक्ष्य समूहको पञ्जीकरण
- मानकहरूको अनुप्रयोग - शिक्षक आजीविका चरणको पहिचान
- गुणस्तरीय मूल्याङ्कन

एनपिएसटी अनुसार एउटा शिक्षकले आफ्नो शिक्षण आजीविकाका क्रममा आफ्नो कौशल र क्षमता विकसित गर्नु पर्छ। शिक्षकहरू स्वमूल्याङ्कन उपकरणसँगै अन्य मूल्याङ्कन उपकरणको सहयोगद्वारा आफ्नो क्षमताको मानचित्रण गर्न सक्षम हुनु पर्छ। औपचारिक मूल्याङ्कनमा शिक्षकको सामर्थ्य क्षेत्रको विकास समाविष्ट हुने छ जसमा शिक्षण प्रदर्शनका साक्ष्य, कक्षा प्रदर्शन, हितधारक (360 डिग्री)-बाट प्रतिक्रिया अनि/ वा सहकर्मी र परामर्शदाताको अवलोकन प्रतिवेदन समाविष्ट हुने छन्। प्रदर्शन सङ्केतक (पिआई) आदिको प्रारूपसहित परीक्षण/ मूल्याङ्कनका लागि उपकरण/ सामग्री अध्याय 6-मा दिइएका सुझाउमूलक मूल्याङ्कन ढाँचाका आधारमा विकसित गर्न सकिन्छ।

एनपिएसटी लागु गर्ने कार्ययोजना यस प्रकार छन्:-

क. एनपिएसटी मार्गदर्शक अभिलेखको शुभारम्भ तथा कार्यान्वयनका लागि उत्तरदायी संस्थान/ संस्थाहरूको क्षमता निर्माण।

ख. राज्य/ सङ्घ राज्य क्षेत्रद्वारा एनपिएसटी मार्गदर्शक अभिलेखको अनुकूलन।

ग. एनइपी 2020-को अनुच्छेद 5.20 मा परिकल्पना गरिए अनुसार शिक्षकको व्यावसायिक विकास, क्षमता निर्माण, प्रशिक्षण आदिसँग एनपिएसटीको एकीकरण।

घ. शिक्षकद्वारा सामर्थ्य प्राप्त गर्न संसाधन/ सामग्री/ स्वविकास मार्गदर्शिका/ मूल्याङ्कन उपकरणको विकास।

## 5.2 प्रयोज्यता

क. एनपिएसटीको कार्यान्वयन उपयुक्त राज्य/ सङ्घ राज्य क्षेत्र सरकारद्वारा मनोनीत उपयुक्त एकाइद्वारा गरिने छ तथा केन्द्र सरकारका अधीनस्थ सङ्गठन/ निकायका हकमा पनि यसै गरिने छ।

ख. उपयुक्त मनोनीत एकाइ (केन्द्रीय/ राज्य)-ले विस्तृत प्रक्रिया तयार पार्ने छ तथा शिक्षकको व्यावसायिक विकास र आजीविका प्रबन्धनका लागि एनपिएसटी मार्गदर्शक अभिलेखसँग कार्यान्वयन तथा एकीकरण गर्न निर्देश निर्धारित गर्ने छ।

ग. उपयुक्त सरकारले एनपिएसटीबारे एनसिटिईसँग सम्पर्क स्थापित गर्ने उद्देश्यले केन्द्रीय अधिकारी नियुक्त गर्ने छ।

घ. एनसिटिईले केन्द्रीय अधिकारीहरूको बैठक/ कार्यशाला आयोजित गर्ने छ।

ङ. एनपिएसटीको कार्यान्वयनका लागि उत्तरदायी प्रत्येक मनोनीत निकायले एनसिटिईसँग विवरण साझा गर्ने छ।

च. एनसिटिईले डेटाबेस सुव्यवस्थित गर्ने छ तथा स्वयम् उपकरणसहित विशेषज्ञ र संसाधनको भण्डार हुने छ तथा यिनलाई उपयुक्त सरकार/ निकायसँग साझा गर्ने छ

छ. एनइपी 2020-को अनुच्छेद 5.20 मा परिकल्पना गरिए जस्तै एनपिएसटीलाई देशभरिका शिक्षकको व्यावसायिक विकास र आजीविका प्रबन्धनसँग एकीकृत गरिने छ।

## 5.3 आवधिक समीक्षा

मानकहरूको प्रभावकारिताको कठोर प्रयोगसिद्ध विश्लेषणका आधारमा समय समयमा व्यावसायिक मानकहरूको समीक्षा र संशोधन गरिने छ।

# 6 एनपिएसटीको रूपरेखामा आधारित मूल्याङ्कनका उपकरण (प्रस्तावात्मक)

**मानक 1: प्रमुख मूल्य एवम् आचरण**

| |
|---|
| **प्रयोग क्षेत्र 1 : भारतको संविधानमा निहित संवैधानिक मूल्य** |
| उप प्रयोग क्षेत्र 1.1 - संवैधानिक मूल्यका सन्दर्भमा तर्क गर्ने, प्राथमिकता निर्धारित गर्ने, चिन्तन गर्ने अनि व्याख्या गर्ने क्षमता |
| 1.1.1. सबै विद्यार्थी र सहकर्मीसँग सम्मानपूर्वक र निष्पक्षताका साथ प्रस्तुत हुनु।<br>1.1.2. एउटा सुरक्षित परिवेश सिर्जना गरेर सबैमाझ एकता र सद्भावलाई प्रोत्साहित गर्नु जहाँ मानिसहरू आफ्ना विचार र भावना साझा गर्न स्वतन्त्रता अनुभव गर्छन्। |
| उप प्रयोग क्षेत्र 1.2 - आचरणपूर्ण, उत्तरदायी ढङ्गमा सूचनाको प्रयोग गर्ने र विद्यार्थीको गरिमा सुनिश्चित गर्ने क्षमता। |
| 1.2.1अधिकारीहरूद्वारा विशिष्ट उद्देश्यका लागि आवश्यक नहुन्जेल विद्यार्थीका जानकारीको सुरक्षा गर्नु। |
| उप प्रयोग क्षेत्र 1.3 - भारतीय संविधानको अनुच्छेद 51 ए-मा दिइएका मौलिक कर्तव्यको सचेतना र अभ्यास |
| 1.3.1. सबै विद्यार्थीहरूमा सक्रिय रूपले आफ्नो देशप्रति प्रेम तथा आफ्नो समृद्ध अनि विविधतापूर्ण परम्परामाथि गर्वको भावना जागृत गर्नु।<br>1.3.2. विद्यार्थीहरूलाई पर्यावरण संरक्षण, वैज्ञानिक सोच विकसित गर्न र राष्ट्रको विकासमा योगदान दिन प्रोत्साहित गर्नु। |
| उप प्रयोग क्षेत्र 1.4 -कानुनी दायित्व, नियम, विनियम, नीति बुझ्ने र परस्पर विरोधी स्थितिका मुद्दामा नैतिक रूपले तर्क गर्ने तथा जटिल परिवेशमा कुराकानी गर्ने क्षमता। |
| 1.4.1. निर्धारित नियमहरू (विद्यालयसँगै राज्यका नियम) निष्ठासँग पालन गर्नु तथा तिनलाई बेवास्ता गर्दाका वा तोड्दाका परिणामसँग अवगत हुनु।<br>1.4.2. विद्यार्थी र सहकर्मीलाई नियमको पालन गर्न प्रोत्साहित र सहयोग गर्नु तथा समस्या उत्पन्न हुँदा तिनको समाधान गर्न सहयोग गर्नु। |
| **प्रयोग क्षेत्र 2 : व्यावसायिक सम्बन्ध** |
| उप प्रयोग क्षेत्र 2.1- शिक्षार्थीका लागि सहपाठ्यक्रमिक अवसरहरू सुरु गर्न अन्य पेसावालहरू र सङ्गठनसँग समन्वय। |
| 2.1.1. विद्यार्थीका लागि विविध शिक्षण अवसर सिर्जना गर्न स्कुलमा सहकर्मी र अन्य व्यावसायिकहरूसँग सहकार्य गर्नु।<br>2.1.2. विद्यार्थीका लागि यथार्थवादी लक्ष्य निर्धारित गर्नु अनि हरेक व्यक्तिले सुरक्षित र मूल्यवान अनुभव गर्ने एउटा सहायक अधिगम संस्कृति निर्माण गरी तिनको प्राप्तिमा सहयोग गर्नु। |
| उप प्रयोग क्षेत्र 2.2 - नानीहरूको समग्र विकासमा माता पिता र समुदायको भूमिका स्विकार्नु र बुझ्नु |
| 2.2.1. माता पिता र समुदायसँग भरपर्दो सम्बन्ध बनाउनु जसमा विद्यार्थीहरूले घर र समाजबाट सिक्ने सहयोग प्राप्त गरुन्। |
| **उप प्रयोग क्षेत्र 2.3 - संसाधन आदि साझा गर्न आफ्नो विद्यालय र अन्य संस्था तथा समुदायबिच पारस्परिक सम्बन्ध बनाइराख्ने क्षमता।** |

| |
|---|
| 2.3.1.विद्यार्थीका अधिगम अनुभवलाई समृद्ध बनाउन अन्य विद्यालयका शिक्षक र समुदायसँग बलियो सम्बन्ध बनाउनु। |
| **उप प्रयोग क्षेत्र 2.4 - स्कुलभित्र र बाहिर विभिन्न हितधारकहरूसँगको सम्बन्ध पोषित गर्ने र जटिल तथा चुनौतीपूर्ण वातावरणसँग जुझ्ने क्षमता** |
| 2.4.1.धैर्य र विश्वासपूर्वक सम्बन्धको प्रबन्धन गर्नु तथा सबैले संवैधानिक मूल्य र दृष्टिकोणलाई ध्यानमा राखुन् भन्ने सुनिश्चित गर्नु। |
| **उप प्रयोग क्षेत्र 2.5 - सबै विद्यार्थीका लागि समावेशी रूपले शैक्षिक लक्ष्य प्राप्त गर्न र स्कुलका सबै सदस्यका लागि अनुकूल कार्य परिवेश तथा कल्याण सुनिश्चित गर्न संस्थालाई प्रभावकारी र कुशलतापूर्ण ढङ्गमा कार्य गर्न सक्षम बनाउन लक्ष्य एवम् रणनीति निर्धारित गर्ने क्षमता** |
| 2.5.1 विद्यार्थीका लागि यथार्थवादी लक्ष्य निर्धारित गर्नु र प्रत्येक व्यक्तिले सुरक्षित एवम् मूल्यवान अनुभव गर्ने एउटा सहायक शिक्षण संस्कृति बनाएर त्यसको प्राप्तिका लागि सहयोग गर्नु<br>2.5.2 स्वयम् अनि सहकर्मीका लागि उत्पादक कार्य संस्कृतिमा योगदान दिनु |

**मानक 2 : ज्ञान र अभ्यास**

| **प्रयोग क्षेत्र 3 : प्रत्येक नानीका अद्वितीय क्षमता चिन्नु, हुर्काउनु र प्रोत्साहित गर्नु** | | |
|---|---|---|
| **प्रवीण शिक्षक** | **उन्नत शिक्षक** | **कुशल शिक्षक** |
| **उप प्रयोग क्षेत्र 3.1 बाल विकास तथा अधिगम** | | |
| **विकासका विभिन्न चरण र क्षेत्र (संज्ञानात्मक, भाषिक,, सामाजिक,,भावानात्मक र शारीरिक)-सँग सम्बन्धित सिद्धान्तहरूको ज्ञान** | **व्यक्तिका अधिगम र विकासको विन्यास चिह्नित गर्न बाल विकासका ज्ञान एवम् बुझाइको अनुप्रयोग** | **सहकर्मीका लागि बाल विकास सिद्धान्तका प्रतिदर्शको अनुप्रयोग** |
| 3.1.1.अधिगमको क्षमता र उपलब्धिका सन्दर्भमा कक्षामा विविध आवश्यकतालाई सम्बोधित गर्छ। | 3.1.2.विद्यार्थीका विभिन्न अधिगम आवश्यकताबारे ज्ञानको उपयोग गर्छ र यस ज्ञानलाई पाठयोजना तथा कार्य सम्पादनमा उचित रूपले समाविष्ट गर्छ। | 3.1.3.सहकर्मीलाई विद्यार्थीका विभिन्न शिक्षण आवश्यकता बुझ्न सहयोग गर्छ र यस ज्ञानलाई पाठयोजना एवम् कार्य सम्पादनमा उचित रूपले समाविष्ट गर्छ। |
| **उप प्रयोग क्षेत्र 3.2 - शिक्षार्थीको विविधता** | | |
| **विभिन्न प्रकारका शिक्षार्थीहरूको विविधता (सिक्ने शैली, सिक्ने आवश्यकता, सामाजिक-आर्थिक स्थिति, संस्कृति, भाषा, पारिवारिक संरचना आदि सहित)-को स्पष्ट ज्ञान विकसित गर्नु तथा स्कुल र कक्षामा यस विविधतालाई सम्बोधित गर्नु** | **विद्यार्थीका विविध आवश्यकता पुरा गर्न शिक्षण संसाधनबारे ज्ञानको अनुप्रयोग तथा एउटा समावेशी कक्षाको निर्माण गर्नु** | **कक्षाको अनुभवका आधारमा प्रत्येक विद्यार्थीका विविध आवश्यकतालाई खुट्याउने र तिनलाई सम्बोधन गर्ने क्षमता** |

| | | |
|---|---|---|
| 3.2.1. सबै विद्यार्थीसँग समान व्यवहार गर्छ तथा उनीहरूका सामाजिक, सांस्कृतिक, लैङ्गिक वा धार्मिक पृष्ठभूमिबारे ध्यान नदिई स्कुल र कक्षाका गतिविधिमा उनीहरूको सहभागितालाई प्रोत्साहित गर्छ। | 3.2.2.विभिन्न प्रकारका संसाधन उपलब्ध गराउँछ तथा विद्यार्थीलाई व्यक्तिगत इतिवृत्त साझा गर्न र आफ्नो सन्दर्भसँग सम्बन्धित मत व्यक्त गर्न प्रोत्साहित गर्छ। | 3.2.3.प्रत्येक शिक्षार्थीका आवश्यकतालाई खुट्याउँछ तथा तदनुसार शिक्षण-अधिगम रणनीति अँगाल्छ। |
| **उप प्रयोग क्षेत्र 3.3 - विकलाङ्ग तथा प्रतिभाशाली विद्यार्थीका अधिगम आवश्यकताहरू** | | |
| **विभिन्न प्रकारका विकलाङ्गता र उनीहरूको विशेष अधिगमका आवश्यकतासँगै प्रतिभाशाली नानीहरूको आवश्यकताबारे ज्ञानको निरूपण गर्नु र उनीहरूका अधिगमको सहयोगका लागि रणनीति बनाउनु** | **कक्षामा विभिन्न विद्यार्थीको आवश्यकता चिन्न र तिनलाई सम्बोधन गर्न विशेष आवश्यकताबारे ज्ञानको अनुप्रयोग गर्नु** | **विशेषज्ञ हस्तक्षेपको आवश्यकता हुने ती विशेष आवश्यकता चिह्नित गर्ने क्षमता तथा यस्ता परिस्थितिसँग जुझ्न सहकर्मीलाई सुझाउ दिनु** |
| 3.3.1. कक्षाका परिवेश अनि संसाधनलाई विकलाङ्ग अनि प्रतिभाशाली विद्यार्थीका लागि सुलभ अनि संवेदनशील रूपले व्यवस्थित गर्छ।<br>3.3.2. कक्षामा पठन वा गणितजस्ता कार्यमा जटिलता अनुभव गर्ने विद्यार्थीप्रति धैर्यवान र विचारशील हुँदछ। | 3.3.3. प्रत्येक विद्यार्थीको आवश्यकताका आधारमा विभिन्न प्रकारका उपयुक्त चुनौतीपूर्ण संसाधन र निर्देशात्मक रणनीतिको प्रयोग गर्छ।<br>3.3.4. विद्यार्थीले अधिगममा सहयोग प्राप्त गरुन् भनेर उनीहरूको क्षमताका आधारमा विद्यार्थी समूहलाई रणनैतिक रूपले सङ्गठित गर्छ। | 3.3.5. विशेष आवश्यकता भएका नानीहरूका लागि व्यक्तिगत शिक्षा योजना (आइइपी) तयार पार्छ।<br>3.3.6. विकलाङ्ग एवम् प्रतिभासम्पन्न विद्यार्थीका आवश्यकता अनुरूप कक्षाकोठाहरूलाई थप समावेशी बनाउनका लागि अँगाल्न सकिने शिक्षाशास्त्रीय रणनीतिबारे सहकर्मीहरूलाई परामर्श दिन्छ। |

| प्रयोग क्षेत्र 4 : विषयको ज्ञान, अवधारणात्मक बुझाइ र अनुप्रयोग | | |
|---|---|---|
| **प्रवीण शिक्षक** | **उन्नत शिक्षक** | **कुशल शिक्षक** |
| **उप प्रयोग क्षेत्र 4.1 - विषयको ज्ञान, अवधारणात्मक बुझाइ र अनुप्रयोग** | | |
| **विषय क्षेत्रको ज्ञान, बुझाइ र अनुप्रयोगका प्रसार क्षमताको प्रदर्शन गर्नु** | **अन्तः एवम् अन्तर्विषयक सामग्रीका सम्बन्धहरूको अनुप्रयोग गर्नु र स्थानीय तथा देशज ज्ञानलाई एकीकृत गर्नु** | **विषय क्षेत्रमा भइरहेका विकास अनुरूप आफूलाई अद्यतन गर्नु अनि पाठ्यक्रमको आदान प्रदानमा नयाँ अवधारणाहरू ल्याउनु।** |
| 4.1.1. अवधारणाहरू बुझाउन गतिविधि, कथा, प्रयोग जस्ता विविध रणनीतिको प्रयोग गर्छ।<br>4.1.2. कक्षामा विद्यार्थीद्वारा सोधिएका प्रश्नको आवश्यकताअनुसार सटीक र विस्तृत उत्तर दिँदछ। | 4.1.3. वर्तमान र पूर्ववर्ती पाठका अवधारणाबिच सम्बन्ध स्थापित गर्छ।<br>4.1.4. गर्न सकिने ठाउँमा स्कुलका अन्य विषय र स्थानीय/ देशज ज्ञानबिच सम्बन्ध स्थापित गर्छ। | 4.1.5. कुनै विषयका पाठ्यक्रम सम्बन्धी अपेक्षा पुरा गर्न नयाँ शिक्षाशास्त्रीय प्रविधिहरू आविष्कार गर्छ।<br>4.1.6. नियमित रूपले आफ्नो विषय वा अन्य विषयसँग सम्बन्धित शोध लेख, शोध पत्रिका, पत्रिका र सामयिक पत्रिकाहरू सन्दर्भित गर्छ। |

| प्रयोग क्षेत्र 5 : पाठ्यक्रम | | |
|---|---|---|
| **प्रवीण शिक्षक** | **उन्नत शिक्षक** | **कुशल शिक्षक** |
| **उप प्रयोग क्षेत्र 5.1 - पाठ्यक्रमको रूपरेखा** | | |
| **विषय/ ज्ञानानुशासनमा पाठ्यक्रमका लक्ष्य र पाठ्यक्रमका ढाँचाबारे स्पष्ट ज्ञान विकसित गर्नु** | **अन्तः एवम् अन्तर्विषयक पाठ्यक्रमको सम्बन्ध बुझ्न र विकसित गर्न सहकर्मीसँग संयुक्त रूपमा कार्य गर्नु** | **नवीनतम विकास र नयाँ ज्ञानलाई ध्यानमा राख्दै पाठ्यक्रम सञ्चालनको संशोधन एवम् विकास** |
| 5.1.1. पाठ्यक्रम सम्बन्धी अपेक्षा र विषय शिक्षणको लक्ष्यलाई ध्यानमा राख्दै पाठको सञ्चालन गर्छ। | 5.1.2. विद्यार्थीहरूद्वारा सामग्रिक अधिगमका लागि विषयको पाठ्यक्रम र अन्य विषयका पाठ्यक्रमबिच स्पष्ट सम्बन्ध देखाउँदै पाठको सञ्चालन गर्छ। | 5.1.3. योजना र सञ्चालनका विषयसँग सम्बन्धित नवीनतम विचार समाविष्ट गर्छ।<br>5.1.4. कार्यशाला, पठन वा कुनै अन्य स्रोतबाट प्राप्त अधिगमलाई नियोजन र आदान-प्रदानमा प्रयोग गर्छ। |

| प्रयोग क्षेत्र 6 : विद्यार्थीद्वारा गरिने अधिगमका लागि सामग्रीको विकास | | |
|---|---|---|
| **प्रवीण शिक्षक** | **उन्नत शिक्षक** | **कुशल शिक्षक** |
| **उप प्रयोग क्षेत्र 6.1 निर्देशात्मक/ शिक्षाशास्त्रीय रणनीति तथा अधिगमको वर्गीकरण** | | |
| **सामान्य निर्देशात्मक रणनीति, शिक्षणमा प्रयुक्त अधिगमको वर्गीकरण तथा साझा शिक्षाशास्त्रीय विधि र संसाधनको ज्ञान** | **आफ्नो विषय/ शिक्षण क्षेत्रमा अधिगमको वर्गीकरण र शैक्षणिक रणनीतिको प्रयोग गरेर विकासात्मक रूपले उपयुक्त अधिगम लक्ष्य/ परिणाम विकसित गर्नु।** | **अधिगमका सिद्धान्त, निर्देशात्मक/ शिक्षाशास्त्रीय रणनीति चयन गर्न र आकर्षक पाठ योजना बनाउनाका लागि अधिगम वर्गीकरणको प्रयोग गर्न सहकर्मीलाई परामर्श दिनु** |
| 6.1.1.विषयवस्तु बुझ्न सहयोग गर्नाका लागि विद्यार्थीहरूबिच खुल्ला कुराकानीलाई सुगम बनाउँछ। | 6.1.2.विद्यार्थीलाई विभिन्न विषयमा आफ्नो दृष्टिकोणबारे प्रश्न सोध्न, चर्चा गर्न र तर्क गर्न प्रोत्साहित गर्छ। | 6.1.3.सहकर्मीको अधिगमलाई सुगम बनाउन विभिन्न संरचित र असंरचित कुराकानीको प्रयोगमा सन्तुलन सुनिश्चित गर्न सहकर्मीलाई परामर्श दिन्छ। |
| **उप प्रयोग क्षेत्र 6.2 - विभेदित निर्देश/ शिक्षण** | | |
| **विभेदित निर्देश/ शिक्षण रणनीतिको स्पष्ट ज्ञान र बुझाइ प्रदर्शित गर्नु तथा अधिगममा विद्यार्थीहरूको सहभागिता बढाउन तिनको भूमिका दर्शाउनु** | **विद्यार्थीलाई अधिगममा सङ्लग्न गर्न विभेदित निर्देशको अनुप्रयोग गर्नु।** | **विद्यार्थीको सहभागिता बढाउन विकासात्मक रूपले उपयुक्त विभेदित गतिविधि र रणनीति बनाउन सहकर्मीलाई परामर्श दिनु।** |
| 6.2.1.पाठ्यक्रमका उद्देश्यलाई सम्बोधित गर्न शिक्षण-अधिगम विधि र रणनीति संयोजनको प्रयोग गर्छ। | 6.2.3शिक्षार्थीलाई उचित चुनौती दिन समूहभित्र अधिगमका भिन्न भिन्न आवश्यकता भएका शिक्षार्थीका लागि भिन्न भिन्न प्रश्न/ गतिविधि निर्धारित गर्छ। | 6.2.5.विद्यार्थीले आफ्नो दृष्टिकोण व्यक्त गर्न पर्याप्त अवकाश पाउन् भनी नियमित रूपले विभेदित निर्देश रणनीतिको प्रयोग गर्छ। |
| 6.2.1.सबै शिक्षार्थीलाई विचारशील र विवेचित प्रतिक्रिया दिन्छ। | 6.2.2.शिक्षार्थीलाई उचित चुनौती दिन समूहभित्र अधिगमका भिन्न भिन्न आवश्यकता भएका शिक्षार्थीका लागि भिन्न भिन्न प्रश्न/ गतिविधि निर्धारित गर्छ। | 6.2.3.विद्यार्थीले आफ्नो दृष्टिकोण व्यक्त गर्न पर्याप्त अवकाश पाउन् भनी नियमित रूपले विभेदित निर्देश रणनीतिको प्रयोग गर्छ। |

| | | |
|---|---|---|
| **उप प्रयोग क्षेत्र 6.3 - आलोचनात्मक सोच, सिर्जनात्मक सोच र उच्च स्तरीय सोच जस्ता जीवन कौशल विकसित गर्न रणनीति र उपकरणहरू** | | |
| **आलोचनात्मक तथा सिर्जनात्मक सोच र/ वा अन्य उच्च स्तरीय सोच कौशल विकसित गर्ने सामान्य निर्देशात्मक रणनीतिको गहन ज्ञान देखाउनु** | **यस्ता कौशल विकसित गर्न उपयुक्त शैक्षणिक रणनीतिको प्रयोग गर्नु।** | **यस क्षेत्रमा नवीनतम विकासको ज्ञानका आधारमा नयाँ शिक्षाशास्त्रीय रणनीति बनाउनु।** |
| 6.3.1. नानीहरूलाई दैनिक जीवनका समस्यामा अवधारणा लागु गर्न सहयोग गर्ने कक्षा गतिविधिको प्रयोग गर्छ।<br>6.3.2. सामाजिक-भावनात्मक आवश्यकतालाई सम्बोधन गर्ने केही कक्षा गतिविधि (जस्तै - ध्यान, चक्रीय समय आदि) समाविष्ट गर्छ। | 6.3.3. कक्षा निर्देशनको अङ्गका रूपमा नानीहरूलाई नियमित रूपमा विश्लेषण र सोधखोजको अवसर प्रदान गर्छ।<br>6.3.4. दैनन्दिन कक्षा गतिविधिमा सामाजिक सम्पर्क, सञ्चार र सहयोग जस्ता सामाजिक-भावनात्मक कौशलको विकासलाई सक्रिय रूपले समाहित गर्छ। | 6.3.5. विशिष्ट विषय वा सबै विषयका लागि आलोचनात्मक चिन्तन, अन्वेषण, प्रश्न, प्रतिफलन आदिलाई सुगम बनाउन शिक्षाशास्त्रीय दृष्टिकोण तयार पार्छ।<br>6.3.6. नियमित रूपले प्रत्येक विद्यार्थीका सामाजिक-भावनात्मक आवश्यकता जाँच गर्छ र तिनको समाधान गर्छ। |
| **प्रयोग क्षेत्र 7 : अधिगम योजना** | | |
| **प्रवीण शिक्षक** | **उन्नत शिक्षक** | **कुशल शिक्षक** |
| **उप प्रयोग क्षेत्र 7.1- अधिगमका लक्ष्य र उद्देश्य** | | |
| **मापनयोग्य तथा प्राप्तियोग्य अधिगमका लक्ष्य र उद्देश्यको ज्ञान** | **पाठ्यक्रम संरचना अनुरूप विषयका लागि मापनीय तथा प्राप्तियोग्य अधिगम लक्ष्य र उद्देश्य बनाउनु।** | **उच्च अपेक्षा निर्धारित गर्ने अनि चुनौतीपूर्ण तर प्राप्तियोग्य लक्ष्य विकसित गर्ने, विद्यार्थीका विभिन्न आवश्यकता पुरा गर्ने र तिनको समग्र विकासबारे विचार गर्ने क्षमता** |
| 7.1.1.व्यापक उद्देश्यलाई ध्यानमा राख्दै पाठ योजना तयार पार्छ अनि अधिगमका परिणामका लागि गतिविधि तथा मूल्याङ्कनको उचित रूपले योजना बनाउँछ। | 7.1.2.विषयका लक्ष्य र उद्देश्य प्राप्त गर्न अधिगमका परिणाम तयार पार्छ। | 7.1.3.आवश्यकता परेको खण्डमा विशिष्ट अधिगम परिणामलाई सम्बोधन गर्दै स्थानीय सन्दर्भ र शिक्षार्थीका आवश्यकता अनुरूप पाठ र रणनीतिलाई प्रासङ्गिक बनाउँछ। |

| उप प्रयोग क्षेत्र 7.2- अधिगम अनुभवको योजना बनाउनु | | |
|---|---|---|
| **कुनै विशेष अधिगम उद्देश्यका लागि अधिगम योजना विकसित गर्ने क्षमता** | **प्रत्येक शिक्षार्थीका आवश्यकता समाविष्ट गर्दै विभेदित अधिगम योजना बनाउनु** | **पाठ्यक्रमका आधारमा अन्तर्सम्बन्धित अधिगम योजनाको शृङ्खला बनाउने क्षमता** |
| 7.2.3.विषयवस्तु, परिणाम, गतिविधि र व्यापक मूल्याङ्कन रणनीतिसँग विस्तृत पाठ योजना विकसित गर्छ। | 7.2.4.अतिरिक्त सहयोगको आवश्यकता भएका शिक्षार्थीका लागि विशिष्ट गतिविधि र संसाधनको योजना बनाउँछ (जस्तै - सङ्घर्षशील विद्यार्थीका लागि सरल पाठ)। | 7.2.5.नानीहरूद्वारा विषय सिक्ने तरिकासँगै पूर्व कक्षामा उनीहरूले जे सिके तिनका आधारमा अवधारणा र अध्यायलाई क्रमिक रूपले व्यवस्थित गर्ने पाठ योजना बनाउँछ। |
| **प्रयोग क्षेत्र 8 : अधिगमका लागि, अधिगमका रूपमा तथा अधिगमको मूल्याङ्कन** | | |
| **प्रवीण शिक्षक** | **उन्नत शिक्षक** | **कुशल शिक्षक** |
| **उप प्रयोग क्षेत्र 8.1 - मूल्याङ्कनका रणनीतिहरू** | | |
| **विभिन्न प्रकारका मूल्याङ्कन रणनीति अनि उपकरणको ज्ञान** | **विद्यार्थीद्वारा अधिगमको आवश्यकताका आधारमा उपयुक्त मूल्याङ्कन रणनीति चयन गर्नु** | **सङ्गठनात्मक, राज्य र राष्ट्रिय स्तरमा मूल्याङ्कन नीतिको ज्ञान प्रदर्शित गर्नु** |
| 8.1.1. विद्यार्थीको मूल्याङ्कनका लागि कक्षा अवलोकन, प्रश्न तथा खातामा लिखित कार्य (अध्यायका अन्तमा प्रश्न) जस्ता रणनीतिहरूको प्रयोग गर्छ।<br><br>8.1.2. शिक्षण अधिगम प्रक्रियाका क्रममा विद्यार्थलाई खुल्ला प्रश्न सोध्छ। | 8.1.3. विद्यार्थीको अधिगमका आवश्यकता अनुसार नियमित रूपले विभिन्न तरिका (जस्तै - परियोजना, प्रस्तुति, पोर्टफोलियो, परीक्षण, प्रश्नोत्तरी, सर्वेक्षण, वस्तुस्थितिको अध्ययन)-को प्रयोग गर्छ।<br><br>8.1.4. दिइएका कुनै विषयबारे उनीहरू के जान्दछन् र बुझ्दछन् भन्ने पत्तो लगाउन विद्यार्थीहरूसित कुराकानी गर्छ। | 8.1.5. प्रासङ्गिक नीति अभिलेखमा अनुशंसित गरिए अनुसार कक्षामा मूल्याङ्कनको सर्वोत्तम अभ्यास लागु गर्छ।<br><br>8.1.6. कक्षामा अधिगमका लागि तथा अधिगमका रूपमा मूल्याङ्कनलाई सक्रिय रूपले समाविष्ट गर्छ। |

| उप प्रयोग क्षेत्र 8.2 - मूल्याङ्कनका तथ्य | | |
|---|---|---|
| **मूल्याङ्कनका तथ्यबाट विद्यार्थीहरूबारे जानकारी प्राप्त गर्नु** | **लक्ष्य निर्धारित गर्न र अधिगमको योजना बनाउन मूल्याङ्कन तथ्यको उपयोग गर्नु** | **विद्यार्थी/ कक्षाको प्रदर्शनको समेकित दृश्य बनाउन विभिन्न स्रोतबाट तथ्यको लाभ उठाउनु र उचित सुधारका माध्यमले अधिगममा सहयोग गर्नु** |
| 8.2.1.कक्षा अधिगममा सामान्य मुद्दा र वैकल्पिक अवधारणा चिन्न तथा तिनलाई सम्बोधन गर्न मूल्याङ्कनका तथ्यको प्रयोग गर्छ। | 8.2.2.विद्यार्थीका विशिष्ट अधिगम आवश्यकता अनुरूप पाठ योजना र शिक्षण पद्धति पर्याप्त रूपले संशोधित गर्न मूल्याङ्कनका तथ्यको प्रयोग गर्छ। | 8.2.3.निर्देशन तथा योजनाका सुधार क्षेत्र चिह्नित गर्न विभिन्न मूल्याङ्कनको प्रयोग गरेर विद्यार्थी अधिगमबारे जानकारी सङ्कलन गरी त्यसको संश्लेषण गर्छ।<br>8.2.4निर्देशन र योजनामा सुधारका क्षेत्र चिह्नित गर्छ तथा विशिष्ट हस्तक्षेपको योजना बनाउँछ। |
| **उप प्रयोग क्षेत्र 8.3 - सञ्चार र प्रतिक्रिया** | | |
| **विद्यार्थी र अभिभावक तथा हेरचाह गर्नेहरूलाई विद्यार्थीका प्रदर्शसम्बन्धी तथ्य सञ्चार गर्नु** | **विद्यार्थीका माता पिता र हेरचाह गर्नेहरूसित विद्यार्थीका प्रदर्शनबारे विशिष्ट प्रतिक्रिया साझा गर्नु।** | **विद्यार्थीका अधिगमलाई दिशानिर्देश गर्न अभिभावक र समुदायका सदस्यसित संयुक्त रूपमा कार्य गर्नु** |
| 8.3.1. विद्यार्थीका कार्य जाँच गर्दा अथवा उनीहरूका उत्तरबारे प्रतिक्रिया दिँदा विशिष्ट गुणात्मक प्रतिक्रिया दिन्छ।<br>8.3.2. स्कुलद्वारा आयोजित पिटिए बैठकका क्रममा मुख्य रूपले तिनका अङ्क र कक्षामा सहभागिताका सन्दर्भमा माता पिता र हेरचाह गर्नेहरूसित नानीहरूको प्रदर्शनबारे चर्चा गर्छ। | 8.3.3. प्रत्येक विद्यार्थीलाई उनीहरूका आफ्नै प्रदर्शनबारे नियमित रूपमा विशिष्ट सुझाउसहित सुधारका लागि विस्तृत प्रतिक्रिया प्रदान गर्छ।<br>8.3.4. विद्यार्थीका प्रदर्शनबारे माता पिता/ हेरचाह गर्नेहरूसित विशिष्ट र विस्तृत प्रतिक्रिया साझा गर्छ। | 8.3.5. विद्यार्थीलाई आफ्नै तथा सहकर्मीको मूल्याङ्कनद्वारा आफ्नो प्रदर्शनबारे चिन्तन गर्न सक्रियतापूर्वक सहयोग गर्छ।<br>8.3.6. माता पिता/ हेरचाह गर्नेहरूलाई घरमा आफ्ना नानीहरूको शिक्षामा सहयोग गर्ने तरिकाबारे विशिष्ट र सुविचारित दिशानिर्देश प्रदान गर्छ। |

| प्रयोग क्षेत्र 9: शिक्षामा प्रविधिको प्रयोग तथा एकीकरण | | |
|---|---|---|
| **प्रवीण शिक्षक** | **उन्नत शिक्षक** | **कुशल शिक्षक** |
| **शिक्षामा प्रविधिको भूमिका बुझ्नु** | **शिक्षण-अधिगम, मूल्याङ्कन र कक्षा प्रबन्धनमा सहयोग गर्न आइसिटी उपकरणको उपयोग गर्नु** | **स्वयम् र सहकर्मीका लागि शिक्षण-अधिगमलाई सहयोग गर्न उपयुक्त प्राविधिक संसाधन सिर्जना गर्नु** |
| 9.1. शिक्षण विषयक विशिष्ट अवधारणाको प्रभावकारिता सुधार्न सक्ने उपयुक्त आइसिटी संसाधन चिन्दछ। | 9.2. शिक्षण अभ्याससँगै मूल्याङ्कन अभ्यासको सिर्जनात्मक रूपमा संशोधन गर्न उपलब्ध आइसिटी संसाधनलाई प्रभावकारी ढङ्गमा अनुकूलित गर्छ। | 9.3. स्वयम् तथा सहकर्मीका शिक्षण-अधिगम गतिविधिमा सहयोग गर्न आफ्नै आइसिटी संसाधन निर्माण गर्छ। |

| प्रयोग क्षेत्र 10: कक्षाका घटक तथा गतिशीलता | | |
|---|---|---|
| **प्रवीण शिक्षक** | **उन्नत शिक्षक** | **कुशल शिक्षक** |
| **उप प्रयोग क्षेत्र 10.1- सुरक्षित, पोषक र सहायक अधिगम परिवेश** | | |
| **सुरक्षित र समावेशी कक्षा बनाउन सुविधा एवम् संसाधनलाई व्यवस्थित गर्नु** | **एउटा समावेशी अनि सहयोगी शिक्षण परिवेश स्थापित गर्नु जसमा विद्यार्थीहरूलाई कुनै डरबिना मत साझा गर्न प्रोत्साहित गर्नु पनि समाविष्ट होस्** | **सुरक्षित र समावेशी कक्षा विकसित गर्न विद्यार्थीलाई सम्मिलित गर्नु** |
| 10.1.1. कक्षा सञ्चालनका लागि दिनचर्या र प्रक्रिया निर्धारित गर्छ। | 10.1.3 विद्यार्थीका सुझाउलाई ध्यानमा राख्दै नमनशील कक्षा दिनचर्या निर्धारित गर्छ। | 10.1.5 विद्यार्थीद्वारा स्वामित्व ग्रहणसँगै कक्षाका दिनचर्याको सहविकास गर्छ। |
| 10.1.2 विद्यार्थीहरूबिच गतिशीलता, संवाद र सञ्चारलाई प्रोत्साहित गर्न तनाउमुक्त कक्षा परिवेश सुनिश्चित गर्छ। | 10.1.4 विद्यार्थीलाई खुलेर आफ्नो मत साझा गर्न अनि प्रासङ्गिक दैनिक मुद्दा (जस्तै - चिन्ताको भावना, धम्क्याइएका मुद्दा, विश्वास निर्माण आदि) बारे चर्चा गर्न प्रोत्साहित गर्छ। | 10.1.6. कक्षाका लागि सुरक्षित, समावेशी र समायोजनशील कक्षाकोठाको भावना प्रतिबिम्बित गर्ने मानदण्डको सहनिर्माण गर्छ। |
| **उप प्रयोग क्षेत्र 10.2- कक्षाको प्रबन्धन** | | |
| **कक्षा प्रबन्धन पद्धतिहरूको ज्ञान र तिनको उपयोग गर्ने क्षमताको प्रदर्शन गर्नु** | **विद्यार्थीका व्यवहारमा देखा पर्ने विविधता बुझ्नु र समायोजित गर्नु** | **विद्यार्थीमा आत्म-अनुशासन, व्यक्तिगत जिम्मावारी र नेतृत्वको विकास गर्नु (अनुकरणीय व्यक्ति)** |
| 10.2.1. कक्षामा आफू स्वयम्का नियम र मानदण्ड निर्धारित गर्छ तथा प्रासङ्गिक समयमा विद्यार्थीका व्यवहारको जाँच र सुधार गर्छ। | 10.2.2 विद्यार्थीका व्यवहारलाई उनीहरूका सन्दर्भसँग जोड्छ र उचित प्रतिक्रिया दिन्छ। | 10.2.3 विद्यार्थीसँग लोकतान्त्रिक ढङ्गमा अपेक्षाहरूको सहविकास गर्छ तथा उनीहरूलाई यी अपेक्षाबारे स्वयम् तर्क गर्न प्रोत्साहित गर्छ। |

| उप प्रयोग क्षेत्र10.3- प्रभावकारी कक्षा सञ्चार | | |
|---|---|---|
| **विभिन्न मौखिक र अमौखिक कक्षा सञ्चार रणनीति बुझ्ने क्षमता प्राप्त गर्नु** | **अधिगमलाई सहभागितापूर्ण बनाउन विभिन्न मौखिक र अमौखिक कक्षा सञ्चार रणनीतिको उपयोग गर्नु तथा तीबारे प्रतिक्रिया दिनु** | **कक्षामा सञ्चारलाई उत्कृष्ट बनाउन सहकर्मीलाई सहयोग/ दिशानिर्देश दिन रचनात्मक प्रतिक्रिया दिनु** |
| 10.3.1. उचित मौखिक र अमौखिक सञ्चार रणनीतिको प्रदर्शन गर्छ, जस्तै - आँखाद्वारा सम्पर्क, इसारा, सङ्केत आदि। | 10.3.2. विद्यार्थीका सहभागितालाई प्रोत्साहित गर्न विभिन्न उपयुक्त मौखिक र अमौखिक सञ्चार रणनीति प्रयोग गर्छ।<br>10.3.3. शिक्षणका क्रममा प्रत्येक विद्यार्थीका अशाब्दिक सञ्चारको व्याख्या गर्छ तथा आफ्नै सञ्चार रणनीतिमा उचित समायोजन गर्छ। | 10.3.4. प्रभावकारी कक्षा सञ्चार रणनीति लागु गर्न सहकर्मीलाई परामर्श दिन्छ। |
| **उप प्रयोग क्षेत्र 10.4 भाषिक विविधता र बहुभाषिकता** | | |
| **भाषिक विविधता र प्रासङ्गिक भाषा(हरू)-मा दक्षताको ख्याल नराखी सबै नानीहरूप्रति समावेशिता प्रदर्शित गर्नु** | **शिक्षण र अधिगमलाई सुविधाजनक बनाउन कक्षामा बहुभाषिकताको प्रयोग गर्न सहकर्मीलाई सहयोग गर्नु** | **सहकर्मीबिच शिक्षण र अधिगमलाई सुगम बनाउन बहुभाषिकताको प्रयोगका पक्षमा पक्षपोषण गर्नु** |
| 10.4.1 कक्षा सञ्चालनका क्रममा आवश्यकता अनुसार निर्देशनको माध्यम र स्थानीय भाषाबिच परिवर्तन गर्छ। | 10.4.2. भाषिक रूपले विविधतापूर्ण कक्षामा अँगालिएका रणनीतिबारे सहकर्मीलाई परामर्श दिन्छ। | 10.4.3. अभ्यासद्वारा, लेख लेखेर,सहकर्मीबिच सामूहिक चर्चा आदि गरेर कक्षामा उत्कृष्ट अधिगमका लागि बहुभाषिक शिक्षाशास्त्रको आवश्यकताबारे प्रदर्शन गर्छ। |

**मानक 3:: व्यावसायिक वृद्धि र विकास**

| प्रयोग क्षेत्र:अधिगमका आवश्यकता | | |
|---|---|---|
| **प्रवीण शिक्षक** | **उन्नत शिक्षक** | **कुशल शिक्षक** |
| **अधिगमका आवश्यकता चिह्नित गर्नु र आफ्नो व्यावसायिक विकासका लक्ष्य निर्धारित गर्नु** | **हितधारकबाट प्राप्त प्रविष्टिका आधारमा एउटा व्यावसायिक विकास योजना बनाउनु** | **सहकर्मीका लागि व्यावसायिक विकासका अवसरहरूको योजना बनाउनु र उपलब्ध गराउनु** |
| 11.1. विकासका व्यापक क्षेत्रलाई सम्बोधन गर्न योजना चिह्नित गर्छ। | 11.3. विकासका क्षेत्रलाई सम्बोधन गर्न क्रिया अनुसन्धान वा अन्य सुरक्षात्मक उपाय अङ्गीकार गर्छ । | 11.5आफ्ना सहकर्मीको अधिगमसम्बन्धी आवश्यकता चिन्न तथा यी आवश्यकता पूर्तिका लागि उपयुक्त उपायहरूको योजना बनाउन परामर्श दिन्छ। |

| | | |
|---|---|---|
| 11.2. विशिष्ट शिक्षण आवश्यकताका लागि कार्यशाला, बैठक, प्रशिक्षण, सङ्गोष्ठी, सम्मेलन आदिको अन्वेषण गर्छ। | 11.4.लेख, पुस्तकका अध्याय, पुस्तक, सहकर्मी द्वारा समीक्षित प्रकाशनबारे लेख्छ अनि/ वा तिनमा योगदान दिन्छ। | 11.6.पत्रिका आदिका लागि लेख लेख्न तथा क्रियात्मक अनुसन्धान गर्न सहकर्मीलाई परामर्श दिन्छ। |
| प्रयोग क्षेत्र 12 : चिन्तनमूलक अभ्यास | | |
| **प्रवीण शिक्षक** | **उन्नत शिक्षक** | **कुशल शिक्षक** |
| **चिन्तनमूलक अभ्यासको ज्ञान प्रदर्शन गर्नु** | **आफ्नो शिक्षण अभ्यासलाई संशोधित गर्न चिन्तनमूलक अभ्यासको प्रयोग गर्नु** | **चिन्तनमूलक अभ्यास लागु गर्न सहकर्मीहरूको सहयोग गर्नु/ परामर्श दिनु।** |
| 12.1. आफ्नो अभ्यासको शक्ति एवम्  कमजोरीबारे चर्चा गर्छ।<br>12.2. प्रत्येक विद्यार्थीका शक्ति एवम् कमजोरीबारे चर्चा गर्छ। | 12.3. विद्यार्थीका अधिगम आवश्यकतालाई ध्यानमा राख्दै पाठ योजना तथा कक्षा रणनीतिबारे विचार विमर्शको अभिलेखीकरण गर्छ।<br>12.4. कक्षामा उत्कृष्ट शिक्षण-अधिगमका लागि अभ्यासमा परिवर्तन ल्याउन अँगालिएका विविध दृष्टिकोण प्रस्तुत गर्छ। | 12.5. चिन्तनमूलक अभ्यासमा सहकर्मीहरूलाई परामर्श प्रदान गर्छ।<br>12.6. निरन्तर सिक्नाका लागि सहकर्मी सहयोग समूह बनाउने पहल गर्छ। |
| प्रयोग क्षेत्र 13 : अधिगम समुदायमा संलग्नता र सहभागिता | | |
| **प्रवीण शिक्षक** | **उन्नत शिक्षक** | **कुशल शिक्षक** |
| **स्कुलभित्र वा बाहिर अधिगमका अवसरहरूमा सहभागिता जनाउनु।** | **आफ्नो शोध तथा अधिगमबारे सम्मेलन, सङ्गोष्ठी वा वेबिनारमा प्रस्तुति दिनु।** | **स्कुलभित्र शिक्षण समुदायको थालनी गर्नु तथा व्यावसायिक विकास सत्र आयोजित गर्नु।** |
| 13.1. स्कुलभित्र वा बाहिर साझा रूपमा सिक्ने अवसहरूका लागि विभिन्न स्रोतहरूको प्रयोग गर्छ/ विभिन्न मञ्चहरूमा सहभागिता जनाउँछ।<br>13.2. व्यावसायिक शिक्षा तथा जिज्ञासालाई प्रोत्साहित गर्ने प्रासङ्गिक कार्यक्रममा धेरजसो सहभागी वा पर्यवेक्षकका रूपमा भाग लिन्छ। | 13.3. राज्य स्तरीय सम्मेलन/ सङ्गोष्ठीमा नियमित रूपले आफ्ना अनुभव, कक्षामा गरिएका परीक्षण आदि प्रस्तुत गर्छ।<br>13.4. राष्ट्रिय सम्मेलन/ सङ्गोष्ठीमा नियमित रूपले आफ्ना अनुभव, कक्षा परीक्षण आदि प्रस्तुत गर्छ। | 13.5. सहकर्मीहरूको शिक्षालाई प्रोत्साहित गर्न कार्यशाला, बैठक, प्रशिक्षण, सङ्गोष्ठी, सम्मेलन आदि संयुक्त रूपले आयोजन गर्छ।<br>13.6. छिमेकी विद्यालयका शिक्षकहरूसँग विस्तारित अधिगम समुदायको विकासका दिशामा काम गर्छ। |

# 7 एनपिएसटीबारे एनसिटिक्यूका लागि डिजिटल पूर्वाधार योजना




## एनपिएसटीमा कार्य विस्तारका प्रस्तावित घटकहरू

- **एनपिएसटीको पोर्टल निर्माण**
  शिक्षक कोश, अधिगम कोश, प्रमाण पत्र व्यवस्थापन, एनपिएसटी (स्व एवम् परामर्शित), एनपिएसटीका लागि मूल्याङ्कन, कार्यान्वयनका लागि एनपिएसटी डिजिटल योजना, संस्थान र कार्यक्रम प्रबन्धन, दीक्षा/ निष्ठाद्वारा स्वअधिगम सेवा, अधिगम/ प्रशिक्षण/सिपिडी प्रमाण कोश, प्रत्येक प्रयोग क्षेत्र तथा मानकबारे शिक्षकहरूको बुझाइ बढाउन इ-पोर्टफोलियोको निर्माण, शिक्षकहरूका लागि विभिन्न सामर्थ्यबारे अङ्क तथा प्रदर्शन प्राप्त गर्ने संयन्त्र, आत्म-मूल्याङ्कनका उपकरण, शिक्षकहरूलाई लेखाबद्ध गर्न डेटाबेसको विकास।

- **एनपिएसटीको कार्यान्वयन र अनुगमन गर्ने सफ्टवेयर**
  - राज्य र राष्ट्रिय स्तरमा एनपिएसटी कार्यान्वयनका लागि निरन्तर अनुगमन प्रणाली
  - शिक्षकहरूको निरन्तर व्यावसायिक विकासका लागि परिमार्गक
  - शिक्षक प्रशिक्षकलाई परामर्श दिने डिजिटल मञ्च
  - निरन्तर व्यावसायिक विकासका लागि स्वगतियुक्त पाठ्यक्रमहरू
  - वेब तथा एप आधारित अधिगम समाधान
  - राष्ट्रिय कोशको निर्माण
  - सेवारत शिक्षक
  - सेवापूर्व शिक्षक
  - अधिगमको प्रमाणको परिमार्गण
- **नियन्त्रण व्यवस्थापन तथा तथ्याङ्क साझेदारी**
- **डिजिटल व्यवस्थापन एवम् सम्पर्क**
  - लक्षित समूह/ हितधारकहरूसँग तत्काल सञ्चारका लागि डिजिटल सम्मेलन मञ्च

**चित्र. 6 एनपिएसटीमा एनसिटिक्यू डिजिटल विकास योजनासम्बन्धी चित्र**




चित्र.7 डिजिटल योजनासम्बन्धी चित्र




चित्र.8 परीक्षणमूलक अध्ययन कार्यान्वयनसम्बन्धी चित्र

# चित्रसूची


| क्रम सङ्ख्या | चित्र | पृष्ठ |
|---|---|---|
| 1. | शिक्षकको तत्परतासम्बन्धी चित्र | 7 |
| 2. | व्यावसायिक मानक र सामर्थ्यसम्बन्धी चित्र | 13 |
| 3. | प्रमुख मूल्य र आचरणसम्बन्धी चित्र | 14 |
| 4. | ज्ञान र अभ्याससम्बन्धी चित्र | 15 |
| 5. | व्यावसायिक वृद्धि र विकाससम्बन्धी चित्र | 15 |
| 6. | एनपिएसटीबारे एनसिटिक्यूको डिजिटल विकास योजनासम्बन्धी चित्र | 35 |
| 7. | डिजिटल योजनासम्बन्धी चित्र | 36 |
| 8. | परीक्षणमूलक अध्ययन कार्यान्वयनसम्बन्धी चित्र | 36 |

# सङ्क्षिप्त रूप

| | |
|---|---|
| ACR | Annual Confidential Report |
| APR | Annual Performance Appraisal |
| CPD | Continuous Professional Development |
| DIET | District Institute of Education & Training |
| DPEP | District Primary Education Project |
| FLN | Foundational Literacy and Numeracy |
| GoI | Government of India |
| ICT | Information and Communication Technology |
| INSET | Inservice Education and Training |
| JNVS | Jawahar Navodaya Vidyalaya Samiti |
| KVS | Kendriya Vidyalaya Sangathan |
| MoE | Ministry of Education |
| NCTE | National Council for Teacher Education |
| NCERT | National Council of Educational Research & Training |
| NCFTE | National Curriculum Framework for Teacher Education |
| NCTQ | National Centre for Teacher Quality |
| NEP 2020 | National Education Policy 2020 |
| NIEPA | National Institute for Educational Planning and Administration |
| NPST | National Professional Standards for Teachers |
| NMM | National Mission for Mentoring |
| PI | Performance Indicator |
| PSTE | Pre-service Teacher Education |
| RIE | Regional Institute of Education |
| RPL | Recognition of Prior Learning |
| RTE | Right to Education |
| SCERT | State Council of Educational Research & Training |
| SSA | Sarva Shiksha Abhiyan |
| TEI | Teacher Education Institution |
| TEP | Teacher Education Programme |
| TET | Teacher Eligibility Test |

# सन्दर्भ ग्रन्थसूची


- Australian Institute for Teaching and School Leadership. (2018). Australian Professional Standards for Teachers. https://www.aitsl.edu.au/docs/default-source/national-policy-framework/australianprofessional-standards-for-teachers.pdf
- Department of Education. (2021). Teachers' Standards: Guidance for School Leaders, School Staff and Governing Bodies. https://assets.publishing.service.gov.uk/government/uploads/system/uploads/attachment_data/file/1040274/Teachers__Standards_Dec_2021.pdf
- Education International and UNESCO. (2019). Global Framework of Professional Teaching Standards. https://issuu.com/educationinternational/docs/2019_ei-unesco_framework
- Government of India (2020a). National Education Policy 2020. https://www.education.gov.in/sites/upload_files/mhrd/files/NEP_Final_English_0.pdf
- Government of India. (2022b). The constitution of India. https://cdnbbsr.s3waas.gov.in/s380537a945c7aaa788ccfcdf1b99b5d8f/uploads/2023/05/2023050195.pdf
- National Commission on Teachers. (1986). The Teacher and Society: Report of the National Commission on Teachers-I.
- National Council for Teacher Education. (2009). National Curriculum Framework for Teacher Education. New Delhi: NCTE.
- National Council of Educational Research and Training. (2005). National Curriculum Framework 2005. NCERT.
- National Council of Educational Research and Training. (2019). Teacher's Self-Assessment. https://ncert.nic.in/pdf/announcement/TSAR.pdf
- National Qualifications Authority. (2021). Teacher Standards for the UAE. https://tls.moe.gov.ae/Downloads/SNSC%20standards%20teachers%20English.pdf
- The Right to Free and Compulsory Education Act. (2009). (Gazette Extraordinary), Ministry of Law and Justice, Government of India, New Delhi. https://righttoeducation.in/sites/default/files/Right%20of%20Children%20to%20Free%20and%20Compulsory%20Education%20Act%202009%20(English).pdf
- Verma, J.S. (2013). Report of the Committee on Amendments to Criminal Law, 2013. New Delhi. https://adrindia.org/sites/default/files/Justice_Verma_Amendmenttocriminallaw_Jan2013.pdf

By e-mail / Hand / Speed Post / Fax

**NCTE-Acad013/2/2021-O/o US(Acad.)-HQ** 31st August 2021

**<u>OFFICE ORDER (Revised)</u>**

It is decided to constitute a committee of the following members on National Professional Standards for Teachers (NPST) within NCTE. The committee would examine the relevance of para 5.20 of NEP 2020 and devise an appropriate strategy for developing & designing a National document on NPST.

| Sl. No. | Name & Address | Designation |
|---|---|---|
| 1. | Prof. CK Saluja, (Rtd). CIE, DU. New Delhi, | Chair |
| 2. | Prof. Anil Kumar Shukla. VC. KMCL University. Lucknow, UP | Member |
| 3. | Dr. Shakila T Shamshu. former OSD. DONE. MoE. New Delhi | Member |
| 4. | Prof Padma Sarangpani, TISS. Maharashtra | Member |
| 5. | Prof. Ranjana Arora, NCERT, New Delhi | Member |
| 6. | Prof K Ramchandran (Rdt) NIEPA. New Delhi | Member |
| 7. | Dr. Vishwajit Saha, Director CBSE. New Delhi | Member |
| 8. | Dr. Robin Chetri, SCERT, Gangtok, Sikkim | Member |
| 9. | Ms. Ramya Vcnkatraman. CENTA, Bangalore, Karnataka | Member |
| 10. | Shri. D K Chaturvedi, Under Secretary. NCTE. New Delhi | Convener |
| 11. | Dr. Parul. Senior Academic Consultant, NCTE, New Delhi | Co-convener |

2. Terms of Reference: -

i. Formulation of pragmatic aspects of the policy of NEP on NPST and Cross linking.

ii. Evolving guideline for the establishment of National Centre for Teachers Quality (NCTQ) under NPST at NCTE lig.. New Delhi.

iii. Structured plan of Action on Implementation of NPST and State grading formula.

iv. Review of data of digital consultations institutional consultation on NPST and developing strategy for National/ State level consultation for preparing this national document.

v. There are many countries which have the mechanism of National Professional Standards for Teachers (NPST). Mapping of NPST of these and some other countries and Development& Design of a draft framework on NPST.

vi. Extensive review of the inputs collected during the consultation period across the country will be done by the expert committee.

Cont. Pg 2/-

vii. The committee will then undertake a review of the areas of the teacher activities requiring common/current competency level of teachers. The committee will finally formulate the draft going through the several revisions before the NPST Draft is released for public review. Comments by the reviewers from amongst the stakeholders will then be used to prepare a final draft for notification.

viii. Preparation of a Self-Development Guide/Assessment Tools on NPST will also be designed for successful implementation of NPST. This will also include the teacher's professional role and responsibility in terms of quality because of the teacher's growing role beyond the classroom, achievement of standards as well underlying teachers's participation in decision to the education matter at the school/district/sale/national level.

ix. Ensuing Completion of all tasks within 3 months, so as to implement NPST from Academic Session 2022-23.

x. Any other point found relevant to NPST implemention as per the directive of NEP 2020.

xi. To hold discussion/meeting with other stakeholders whenever necessary. The Committee may consult/co-opt teachers / Principals/ Experts as when required.

xii. TA/DA/Sitting fees shall be paid as per the NCTE Rules. The NCTE would provide the secretarial assistance as per requirement.

3. This has approval of the competent authority.

**(Kesang Y. Sherpa)**
**Member Secretary**

Copy to-

1) PS to CP for information please.

2) Deputy Secretary/Under Secretary, GA/Academic/Accounts/EDP, NCTE.

3) Copy to all concerned.

4) Guard file.

गुरुर्गुरुतमो धाम

NCTE

सर्वाधिकार

यो अभिलेख एवम् यसमा वर्णित सबै प्रक्रियाहरू राष्ट्रिय शिक्षक शिक्षा परिषद्का बौद्धिक सम्पदा हुन् र यिनलाई सर्वाधिकारद्वारा संरक्षित गरिएको छ।

सर्वाधिकार सुरक्षित

N T M

**Language consultancy and translation facilitated by**
**National Translation Mission**
**Central Institute of Indian Languages, Mysore**

गुरूर्गुरूतमो धाम
NCTE

**राष्ट्रिय शिक्षक शिक्षा परिषद्**
**(भारत सरकारको वैधानिक निकाय)**
**National Council for Teacher Education**
**(A Statutory Body of Government of India)**